International Research Journal of MMC (IRJMMC)

Vol- 5, No. 3, June 2024 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

# सीपमुलक, व्यवहारिक र रोजगार केन्द्रीत शिक्षा आजको आवश्यकता विषयक निबन्ध लेखनमा समावेशी अवस्था

# (Skilled, Practical and Job Oriented Education is the Need of the Day: Inclusive Conditions in Essay Writing)

**SAROJ RAJ PANTA**

*Author affiliations can be found in the back matter of this article

**CORRESPONDING AUTHOR**

**Saroj Raj Panta**

Dhawalagiri Multiple Campus, Baglung

sarojpanta.sp84@gmail.com

**KEYWORDS**

निबन्ध

ज्ञान

समावेशीकरण

जीवनोपयोगी सीप

व्यवहारिक शिक्षा

**ABSTRACT**

निबन्ध कुनै विषयमा कलात्मक वा वस्तुगत रुपमा गद्यमा लेखिएको सृजना हो । धवलागिरि बहुमुखी क्याम्पस, बागलुङको स्वतन्त्र विद्यार्थी युनीयनले **सीपमुलक, व्यवहारिक र रोजगार केन्द्रीत शिक्षा आजको आवश्यकता** शीर्षकमा निबन्ध लेखन प्रतियोगिता आयोजना पऱ्यो । उक्त प्रतियोगितामा क्याम्पसमा अध्ययनरत २३३६ विद्यार्थीहरूमध्ये विभिन्न संकायमा अध्ययनरत जम्मा २७ जना मात्र सहभागी भए । विश्वविद्यालय तहमा लेखिएका निबन्धले समाजको वास्तविकताको उजागर गर्न, ज्ञान र सीप व्यवहारमा गहन भूमिका रहने हुँदा निवन्ध लेखन प्रतियोगिता सहभागीहरूको लेखनको अवस्था र स्तर केकस्तो रहेको छ ? निबन्ध लेखन प्रतियोगितामा सहभागिता र समावेशीकरणको अवस्था कस्तो रह्यो ? भन्ने विषयमा वस्तुपरक अध्ययनका लागि यो लेख तयार पारिएको छ । संख्यात्मक र गुणात्मक दुवै प्रकृतिका तथ्यहरुलाई आधारमानी विवरणात्मक र व्याख्यात्मक अनुसन्धान ढाँचामा निवन्ध लेखन भावको विश्लेषण गरी स्तम्भ, वृत्त, रेखा चित्रहरूमा प्रस्तुत गरी यो लेख तयार गरिएको छ । विद्यार्थीहरूमा सैद्धान्तिक ज्ञान, सीप र व्यवहारिक पक्षविच तालमेलको अभाव रहेको, समावेसीकरणको सैद्धान्तिक आधार बमोजिम सहभागिता नरहेको, उनीहरूले हासिल गरेको प्राप्ताङ्क ५१.५४ प्रतिशत रहेकोले यही आधारमा समग्र विद्यार्थीको निबन्ध लेखन क्षमता मध्यम स्तरको रहेको छ । शिक्षालाई रोजगार केन्द्रीत बनाई कमाउँदै पढ्ने व्यवस्था गर्न नसकेमा विद्यार्थीलाई यस्ता कार्यक्रममा आर्कषण गर्न र शिक्षालाई दैनिक व्यवहारमा उतार्न नसकिने निष्कर्ष रहेको छ । यो लेख यस क्षेत्रमा कार्यरत वा कार्य गर्न इच्छुक शिक्षक, विद्यार्थी, शोधार्थी तथा विशेषज्ञलाई आवश्यक सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । [An essay is a creative or objective piece of writing in prose on a specific subject. The Independent Students' Union of Dhawalagiri Multiple Campus,

Vol- 5, No. 3, June 2024 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

Baglung, organized an essay writing competition on the topic "Skillful, practical, and employment-oriented education is the need of the day." Out of the 2336 students studying at the campus, only 27 students from different faculties participated in the competition. Essays written at the university level play a significant role in reflecting the reality of society, knowledge, and skills. Therefore, it is important to assess the writing abilities of the participants in the essay writing competition. This article aims to objectively study the topic. By analyzing the essay writing styles in a descriptive and explanatory research format and presenting the findings in columns, circles, and line diagrams, this article sheds light on the participants' writing abilities. There seems to be a disconnect between theoretical knowledge, skills, and practical aspects among the students. Despite a lack of theoretical basis for inclusion, the average score achieved by the students is 51. 54 percent, indicating a moderate level of essay writing ability overall. It is evident that without making education more job-oriented and without providing opportunities for students to study while earning, it will be challenging to attract students to such programs and implement education in daily practice. This article aims to offer necessary support to teachers, students, researchers, and experts in the field or those interested in working in this area.]

## १. परिचय

सीपमुलक, व्यवहारिक र रोजगार केन्द्रीत शिक्षा आजको आवश्यकता हो । यसै विषयमा निवन्ध लेखनको स्तर र समावेशी अवस्थाको विश्लेषण गर्न यो लेख उद्देश्यपूर्ण तरिकाले सुगठित विचार पोख्ने लेखन शैली निबन्ध हो । यो मानिसको भावना अभिव्यक्त गरी रचना सृजना गर्ने कलात्मक माध्यम हो । नेपालमा विभिन्न संघसंस्था तथा व्यक्तिहरूले सामाजिक र सांस्कृतिक परिवेश जसमा वर्ग, जाति, लिङ्ग, धर्म, क्षेत्र तथा अन्य सामाजिक अवस्थाका बारेमा काम गरिरहेका छन् । अमर्त्य सेनले सामाजिक न्यायलाई व्यक्तिहरूको विविधतासँग गाँसेर हेरेका छन्, जस्तैः आन्तरिक चरित्रहरू जसमा लिङ्ग, उमेर, शिक्षा आदि र बाह्य चरित्रहरूमा वंशानुगत, भाग्यवाद, धर्म आदि रहेका छन् । उनको भनाइ अनुसार एउटा सामाजिक परिस्थितिमा भएको न्याय अर्को सामाजिक परिस्थितिमा अन्याय पनि हुन सक्दछ । नेपालको सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक क्षेत्रहरूमा विद्यमान असससमानताको हटाउने उद्देश्यले संसारभर आन्दोलनहरू हुने गर्दछन् । यी असमानता कार्ल माक्र्सले भनेजस्तो आर्थिक सवालमा आधारित, म्याक्सवेवरले भनेजस्तो पद, प्रतिष्ठा, शक्ति र हैसियत सवालमा आधारित, अमर्त्य सेनले भनेजस्तो सक्षमता हासिल गर्ने सवालमा आधारित लगायत विभिन्न प्रकृतिका हुन सक्छन् (गौतम, कार्तिक ५, २०७१)।

फ्रान्सिस फुकुयामा (२०१४) अनुसार राष्ट्रियता पहिचानका नाममा सीमित जाति, जनजाति, धर्म र भाषाका समावशीकरण गरिन्छ जब कि अरूहरू बहिष्कृत हुन्छन् । नेपालका सन्दर्भमा आजसम्म प्राप्त प्रजातान्त्रिक वा लोकतान्त्रिक उपलब्धिलाई संस्थागत गर्द समावशी लाकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थाका सब संरचना वा तहमा समानुपातिक, समन्यायिक र सार्थक प्रतिनिधित्व गराउँद राज्यका सबलीकरण गरिनु पर्दछ । राज्यमा सबै जाति, समुदाय, भाषा, क्षत्र, वर्ग, संस्कृति र संस्कारका प्रतिबिम्बन हुन्छ । त्यही विन्दुबाट बहुल राष्ट्र

निर्माणका जग तयार भई बहुल राष्ट्रियताका तला थपिँद जान्छ (एन्डरसन, २००६) । कुनै पनि व्यक्ति, परिवार, समाज र राज्यका विभिन्न नागरिकहरूले चाहना, क्षमता र योग्यता अनुसारको सहज र सम्मानजनक उपस्थितिलाई सहभागिता वा समावेशीता भनिन्छ (पन्त, ३ भाद्र, २०७४) । सामाजिक बनावट, जातिगत संरचना, लिङ्ग, धर्म, वर्ग, आर्थिक स्थिति, सांस्कृतिक परिवेशले सहभागिता वा समावेशीताका निर्धारक हुन । यसैगरी अलग–अलग पृष्ठभूमिका आधारमा अलग–अलग 'विशिष्ट वर्गहरू' समाजमा हुने गर्दछन् ।

शैक्षिक, सामाजिक, आर्थिक, सांस्कृतिक, भाषिक तथा भौगोलिक रूपमा समान रूपले सबै क्षेत्रको सन्तुलित विकास गर्नु नै विकासमा समता हो । न्यायोचित विकास भन्नाले विकास प्रक्रियामा क्षेत्रीयता, जातीयता, भाषिक तथा अन्य पूर्वाग्रहहरूलाई अलग गराई सबैको सम्मानजनक उपस्थितिलाई जनाउँछ । नेपालको संविधानको धारा ४२ मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडिएका वर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्तिहरू लैङ्गिक तथा यौनिक अल्पसख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएका क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस, आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ (नेपालको संविधान, २०७२) । नेपालको संविधानले हरेक नागरिकका लागि समानता, सामाजिक न्याय र सामाजिक विभेदबाट मुक्तिको प्रत्याभूति गरेको छ भने, विद्यमान कानून एवं नेपाल पक्ष राष्ट्र रहेका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूमा उल्लिखित अधिकार लगायत संविधानप्रदत्त समानता र आत्मसम्मानको सुनिश्चितताको थप प्रबन्ध राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ ले पनि गरेको छ (राष्ट्रिय मानव अधिकार आयोग, २०७८) ।

विषयवस्तु, शैली र उद्देश्य निबन्धका महत्वपूर्ण तत्बहरू हुन् । यिनै तत्बहरूको समायोजन गरी सुगठित रुपमा आफनो प्रतिभा प्रस्तुत गर्ने कार्य निबन्ध लेखन हो । उपाध्याय, २०४४ पे. १९४ का अनुसार निबन्धको वस्तुमा बुद्धि र भावतत्व रहन्छन् । यहाँ बुद्धिमा विचार, चिन्तन, तार्किकता, यथार्थको बोध आदि विषय पर्दछन् भने भावमा संवेदना, भावुकता, राघात्मकता, ध्वन्यात्मकता आदि विषय पर्दछन् । निबन्ध निबन्धकारको व्यक्तित्वको पहिचान हो, शैली व्यक्त गर्ने कला हो । शैली निबन्धमा आउने विषयवस्तु (घटना, विचार, भाव, व्यक्ति, वस्तु, स्थान) हो । यसलाई प्रस्तुत गर्ने वा व्यक्त गर्ने सीप, विचार, भावना वा ढङ्ग मिसिएको हुन्छ । निबन्धको शैली निबन्धकारको लेखन कलामा निर्भर हुने हुँदा यसलाई निबन्धको महत्वपूर्ण पक्ष मानिन्छ । मुख्यतया निबन्धका शैली वस्तुपरक र आत्मपरक हुन सक्दछन् । वस्तुपरक निबन्धलाई पनि वर्णनात्मक, विवरणात्मक र विचारात्मक रुपबाट प्रस्तुत गर्न सकिन्छ । यसैगरी भावपरक निबन्धमा निबन्धकारका मनका उब्जेका भाव वा अनुभूतिहरू निबन्धका विषयवस्तु बनेर छचल्किएका हुन्छन् । यी सबै विचार, भावना, दृष्टीकोण आदिबाट निबन्धमा मिठास थप्ने, संयोजन, वाक्यगठन, अर्थ प्रकट, पुनरुक्ति आदिलाई व्यवस्थित रुपमा मिलाउने काम शैलीले गर्दछ ।

निबन्ध लेखन व्यक्तिमा अन्तर निहित मौलिक भावना, विचार वा कला प्रकट गर्नु हो । यो विचार वा कला निबन्धको शीर्षक वा विषयसँग सम्बन्धित हुन्छ । वस्तुपरक निबन्धमा शीर्षक वा विषयवस्तुलाई पुष्टि गर्ने उद्देश्य प्रवल हुन्छ भने भावपरक निबन्धमा मौलिक विचार र नयाँ दृष्टि प्रस्तुत गर्ने उद्देश्य रहेको हुन्छ । यसरी निबन्ध लेखन एक कला हो, सूचना दिने, अनुभव बाँड्ने, घटना प्रस्तुत गर्ने, नैतिक सन्देश दिने, बिचारहरूको आदनप्रदान गर्ने व्यवस्थित कार्य हो । विश्वविद्यालय स्तरमा लेखिने निबन्धको उद्देश्य विषयबस्तुको क्षमता अभिबृद्धि गर्ने र भाषिक सीपसँग सम्बन्धित हुन्छन् । यसैगरी साहित्यिक सृजनात्मक प्रयोजनका निम्ति लेखिने निबन्धको उद्देश्य कला र विचारसँग सम्बन्धित हुने भएकाले निबन्ध लेखनले मौलिक विषयवस्तुलाई उद्देश्यमुलक शैलीमा व्यक्त गर्ने गरिन्छ ।

## २. अध्ययनको प्रश्न र उद्देश्यः

निबन्ध कुनै विषयबारे आफू रङ्गिएर वा तटस्थ रहेर गरिएको गद्यमय अभिव्यक्ति हो । निबन्ध शब्द

ल्याटिन भाषाको एक्जिडस फ्रेन्चको एसाइज र अङग्रेजीमा एसे भनिन्छ । नेपाली बृहतशब्दकोश (ने.रा.प्र.प्र, २०५८ पृ. ६८९) मा निबन्ध "कुनै विषयलाई लिएर कलात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यको रचनाको एक गद्य विधा निबन्ध हो ।" फ्रेन्च निबन्धकार मोन्तेन (इ. १५३३–१५९३) पाश्चात्य निबन्धका जन्मदाता मानिन्छन् । 'निबन्ध' शीर्षकमा बाधिएर लेख्ने एक महत्वपूर्ण कला भएकाले यो अनुसन्धान जस्तै गहन र अर्थपूर्ण हुन्छ। निबन्ध शब्दलाई पूर्वदेखि पश्चिमसम्मका विद्वानरूले परिभाषित गर्ने गरेको भएतापनि एउटै अर्थमा परिभाषित गरेको पाइदैन । यहाँ केही विद्वानका बिचार अनुसार वामन शिवराम आप्टेले निबन्धको अर्थ 'बाँध्नु, कस्नु वा रचना गर्नु' भनेका छन् (१९६९ पे. ५२७) । यसैगरी लक्ष्मी निबन्ध संग्रह र दाडिमको रुखनेर निबन्धका सर्जक लक्ष्मीप्रसाद देवकोटा (२०४४) ले लक्ष्मी निबन्धको भूमिकामा निबन्धलाई 'एक किसिमको मनको जालीले जगत्मा लहडी माछा मार्ने कला हो, वेदान्त वमन होइन' भनी चर्चा गरेका छन् । पश्चिमी अध्येतामोन्तेन (१५३३) ले आत्माको अभिव्यक्ति गर्ने कला वा हृदय खोलेर देखाउने काम निबन्ध हो भनेका छन् । यसैगरी बेकन (१९६१) ले वाक्चातुर र पाण्डित्य प्रदर्शन वा वस्तु निर्माणको आग्रहलाई निबन्ध भनेका छन् (उपाध्याय, २०४४ पे. १८१) । यसरी यी दुवै दर्शनमा निबन्धलाई फरक फरक तरिकाले अर्थाएको पाइन्छ । पूर्वीय परम्परा अनुसार राम्ररी बिषयमा बाँधिएको रचनालाई निबन्ध भनिएको छ भने पश्चिमी परम्परामा छरिएको विचारलाई निबन्ध भनिएको छ । तर समाजशास्त्रीय रुपमा यसरी लेखिएका निवन्धको विश्लेषण गरी लेख तयार गर्ने काम नभएकोले यो लेख तयार गर्न आवश्यक रहेको छ । लेखको मुख्य तत्व भनेको अनुसन्धानको प्रश्न वा लेख लेख्नुको उद्देश्य समावेश गर्नु हो । यस अध्ययनको उद्देश्यहरूमा क्याम्पसका विभिन्न संकायमा अध्ययनरत विद्यार्थीहरू मध्ये निवन्ध लेखन प्रतियोगिता सहभागीहरूको लेखनको अवस्था र स्तर केकस्तो रहेको छ ? प्रतियोगितामा सहभागिता र समावेशीकरणको अवस्था कस्तो रह्यो ? भन्ने उद्देश्यमा केन्द्रित रहेको छ । त्यसैले यो लेख सहभागीहरूले लेखेका निबन्धहरूको विश्लेषण गरी अनुसन्धानकर्ताले आफ्नो आवश्यकता र विवेक प्रयोग गरी निष्कर्ष निकाल्छ (बन्धु, २०६५ पे. ५१), भन्ने मान्यतालाई आत्मसाथ गर्दै तयार गरिएको छ।

## ३. अध्ययन विधि र प्रक्रिया

यो अध्ययनको अध्ययन क्षेत्र धवलागिरि बहुमुखी क्याम्पस, बागलुङको स्वतन्त्र विद्यार्थी युनीयनले **सीपमुलक, व्यवहारिक र रोजगार केन्द्रीत शिक्षा आजको आवश्यकता** शीर्षकमा निबन्ध लेखन प्रतियोगिता आयोजना गऱ्यो । बागलुङमा विभिन्न संकायमा छात्र ७३१ र छात्रा १६०५ गरी जम्मा २३३६ विद्यार्थीहरू अध्ययनरत रहेकोमा जम्मा २७ जनामात्र सहभागी भए । निबन्ध लेखनमा ३ छात्र र २४ गरी सहभागी २७ जनालाई अध्ययनको समग्रता मानी प्राथमिक स्रोतका सामग्रीहरू अवलोकन, निबन्ध लेखनमा सहभागीसँग अन्तरवार्ता, छलफल, द्वितीय स्रोतमा निबन्ध परिक्षण र विश्लेषण गरी यो लेख तयार गरिएको छ । संख्यात्मक र गुणात्मक दुवै प्रकृतिका तथ्यहरुलाई आधारमानी विवरणात्मक र व्याख्यात्मक अनुसन्धान ढाँचामा निवन्ध लेखन भावको विश्लेषण गरी स्तम्भ, वृत्त, रेखा चित्रहरूमा प्रस्तुत गरी यो लेख तयार गरिएको छ।

## ४. सहभागी विद्यार्थीहरूको विवरण

निबन्ध लेखन प्रतियोगिताको आयोजना यस क्याम्पसको स्वतन्त्र विद्याथी युनीयनले २०८०-०४-१२ गते आयोजना गरेको थियो । त्यस निबन्ध लेखन प्रतियोगितामा ३ जना छात्र र २४ जना छात्रा गरी जम्मा २७ जना विद्यार्थीहरू सहभागी भएका थिए । प्रतियोगितामा सहभागी विद्यार्थीहरूको विस्तृत विवरण र प्राप्ताङ्क अनुसूची २ मा दिइएको छ।




निबन्ध लेखन प्रतियोगितामा ३ जना छात्र र २४ जना छात्रा गरी २७ जना विद्यार्थीहरू सहभागी भएका थिए । ती मध्ये छात्रको संख्या कम रहेको छ र तुलनात्मक रुपमा छात्राको संख्या बढी रहेको छ । यस क्याम्पसमा छात्राको तुलनामा छात्रको संख्या कम हुनुले छात्रको सहभागितामा कमि आएको पाइयो । यस क्याम्पसमा छात्रको संख्या ७३१ र छात्रा १६०५ जम्मा २३३६ रहेको छ । छात्र ६८.७० प्रतिशत र ३१.३० रहेको छ । छात्र छात्राको अनुपात तुलनागर्दा यस कलेजमा अध्ययनरत छात्राको संख्या बढी भएजस्तै सहभागीहरूमा पनि छात्राको संख्या बढी रहेको छ।

## ५. संकायगत रुपमा सहभागी विद्यार्थीहरूको विवरण

तालिका १: *संकायगत रुपमा सहभागी विद्यार्थीहरू*

| **संकाय** | **महिला** | **पुरुष** | **जम्मा** |
|---|---|---|---|
| शिक्षा | १० | १ | ११ |
| व्यवस्थापन | ९ | ० | ९ |
| मानविकी | २ | ० | २ |
| विज्ञान | २ | ० | २ |
| व्यवस्थापन विविए | १ | २ | ३ |
| जम्मा | २४ | ३ | २७ |

संकायगत रुपमा सबैभन्दा धेरै सहभागी विद्यार्थीहरू व्यवस्थापन संकायका रहेका छन् । विविए सहित २ जना छात्र र १० जना छात्रा गरी जम्मा १२ जना व्यवस्थापन संकायका रहेका छन् । त्यसपछि धेरै सहभागी विद्यार्थीहरू शिक्षाशास्त्र संकायका रहेका छन् । १ जना छात्र र १० जना छात्रा गरी जम्मा ११ जना रहेका यस संकायका छात्रछात्राहरू रहेका छन् । मानविकी तथा सामाजिकशास्त्र संकायका २ जना छात्रा र विज्ञान अध्ययन संस्थानका २ छात्राहरू सहभागी भएका छन् । यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूमा सबैभन्दा बढी व्यवस्थापन, त्यसपछि शिक्षाशास्त्र संकाय, मानविकी तथा सामाजिकशास्त्र संकाय र विज्ञान अध्ययन संस्थानका रहेका छन् । सोही अनुरुप प्रतिनिधित्व भएतापनि समानुपातिक सहभागिता नरहेको पाइयो । छात्राको तुलनामा छात्रको सहभागिता कम रहेको पाइयो ।

## ५. जात जातिगतरुपमा सहभागी विद्यार्थीहरूको विवरण

तालिका २: *जात जातिगतरुपमा सहभागी विद्यार्थीहरू*

| जातजाति र जनजाति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| ब्राह्मण | ७ | २ | ९ |
| क्षेत्री | ६ | ० | ६ |
| मगर | ५ | १ | ६ |
| दलित | ३ | ० | ३ |
| मधेसी | २ | ० | २ |
| आदिवासी जनजाति राई | १ | ० | १ |
| जम्मा | २४ | ३ | २७ |




क्याम्पसमा अध्ययनरत छात्रछात्राको जातिगत संरचना के कस्तो छ ? त्यो विश्लेषण गरेर मात्र समावेशिताको अवस्थाको तुलना गर्न सकिन्छ । जातजाति र जनजातिगत रुपमा सबैभन्दा धेरै सहभागी विद्यार्थीहरू ब्राह्मण समुदायका ७ जना छात्रा र २ जना छात्र गरी जम्मा ९ जना सहभागी भएका छन् । क्षेत्री समुदायबाट ६ जना छात्रा सहभागी रहेका छन् । त्यसपछि धेरै सहभागी विद्यार्थीहरू मगर समुदायका रहेका छन् । यसमा छात्रा ५ र छात्र १ गरी ६ जना रहेका छन् । यसैगरी दलित समुदायबाट ३ जना छात्रामात्र सहभागी रहेका छन् । मधेसी समुदायबाट २ जना छात्रा सहभागी भएका छन् । आदिवासी जनजाति राई समुदायबाट १ जना छात्रा सहभागी भएकी छन् । विभिन्न समुदायको प्रतिनिधित्व यस कार्यक्रममा भएको देखिन्छ । तथापि छात्रको सहभागिता भने सबै समुदायबाट कम भएको छ ।

### ६. निबन्ध मूल्याङ्कन आधारहरू

विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको मूल्याङ्कन गर्न विषयवस्तु, उद्देश्य र शैलीलाई मुख्य आधार बनाइएको छ । यिनै मुख्य क्षेत्रलाई आधार बनाइ अंकभारको पूर्णाङ्क ३० तोकी मूल्याङ्कन गरिएको छ । निबन्धको मुल्यांकनको यो आधार दुई जना मूल्याङ्ककनकर्ता बीच आपसी छलफल र समझदारीमा तय गरियो । यसबाट निवन्ध लेखनको स्तर पत्ता लगाउन सहज बनेको छ ।

तालिका ३: *मूल्याङ्कनका आधारहरू*

| क. विषयवस्तुको क्षेत्र (अंकमा) १२ | ख. शैलीगत प्रस्तुतिको क्षेत्र (अंकमा) ७ | ग. उद्देश्यको क्षेत्र (अंकमा) ६ | घ. शब्द भण्डारको प्रयोग (अंकमा) ५ |
|---|---|---|---|
| १. विषयवस्तुको परिचय– ६<br>२. विषयवस्तुको ज्ञान– ६ | १. प्रस्तुतीकरण– ५<br>२. भाषिक शुद्धता– २ | १. शीर्षकको मूल भाव– ३<br>२. शीर्षकको प्रमाणीकरण– ३ | लेखनमा नवीनता मौलिक तथा आधुनिक शब्दको प्रयोग |

मूल्यांकनका यी आधारले विद्यार्थीमा निवन्ध लेखन क्षमता र सीपको अवस्था पत्ता लगाउन, सहभागीको समावेशिकरणको व्याख्या र विश्लेषण गर्नका लागि यो मापदण्ड उपयुक्त रहेको छ।

## ७. सामाजिक समावेशीकरणको सैद्धान्तिक अध्ययन

सामाजिक समावेशीकरणले सबै जातजाति भाषा धर्म संस्कृति, परम्परामा समान अवसर समानतालाई जोड दिएको हुन्छ। नायक, १९९५ का अनुसार बहिष्करण सबै व्यक्ति वा समूहहरूको जीवनयापनका आधारभूत साधनहरूबाट वञ्चित छन्, तर यो राजनीतिक र आर्थिक निर्णय प्रक्रियाबाट बहिष्कृत व्यक्तिहरू र कुनै पनि बहिष्करणबाट बहिष्कृत व्यक्तिहरूसँग सम्बन्धित रहेको छ। सामाजिक सुरक्षाको अवधारणा फराकिलो स्तरमा, यसले शिक्षा, स्वास्थ्य हेरचाह, र अन्ततः एक व्यक्तिले आफ्नो जीवनलाई दिइएको सामाजिक परिवेशमा संगठित वा नियन्त्रण गर्नु पर्ने स्वतन्त्रतालाई बुझाउँछ। यसैगरी (साइथ, २००१) ले सामाजिक बहिष्करणलाई समाजका सामान्य गतिविधिहरूमा सहभागिताबाट बहिष्कारको रूपमा परिभाषित गरेका छन्। सामाजिक बहिष्करण एक जटिल र बहुआयामिक धारणा हो। यसले व्यक्ति र समाज दुवैलाई जनाउँछ। यसमा स्वतन्त्रताको कमी (भल्ला र लापेरे, १९९७ पे.४१५)। यसैगरी डे हान र म्याक्सवाले (१९९८) ले सामाजिक बहिष्करण र समावेशीकरणका मुख्य क्षेत्रहरू पहिचान गरेका छन्। उनीहरूले मानिसहरूलाई आफ्नो अधिकार, स्रोत र सम्बन्धबाट मूलतः वञ्चित गरेको कुरामा जोड दिएका छन्। सामाजिक बहिष्करणले आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा राज्य वा आफनै कारण मुल धारमा नआएको अबस्थालाई बुझाउँछ। यो संसाधन विनियोजन र संयन्त्रको विश्लेषण भन्दा बाहिर जान्छ र शक्ति सम्बन्ध, एजेन्सी, संस्कृति, र सामाजिक पहिचान समावेश गर्दछ ((डी हान, १९९८ पे. १२)। सामाजिक बहिष्करण र समावेशीकरण विभिन्न सामाजिक विज्ञान प्रतिमान, अनुशासनात्मक र सैद्धान्तिक परिप्रेक्ष्यमा राजनीतिक विचारधारा र राष्ट्रिय बहसहरूको परिप्रेक्ष्य तथा ढाँचाबाट परिभाषित "प्रतिस्पर्धी अवधारणाहरू" हुन् (प्रधान, २००६ पे. १)। सामाजिक समावेशीकरण र बहिष्करण दुवै एकसाथ आउने अवधारणा हुन्। कुनै समुदायको सहभागिता त्यसैले सामाजिक समावेशीकरण र बहिष्करण सापेक्ष अवधारणा भएकाले यिनीहरू एकसाथ आउँछन्। यिनै विचार र सैद्धान्तिक आधारमा यो लेख तयार पारिएको छ।

## ८. निवन्धमा नेपालको शिक्षा, विकास र रोजगारीको अवस्था

नेपालमा योजनाबद्ध विकासका क्रममा समावेशीकरणमा ल्याइएका योजनाहरूको प्रगति भने राखिएको लक्ष्यअनुसार भएको पाइदैन। समाजशास्त्रीय अध्ययनबाट के स्पष्ट हुन्छ भने नेपालमा योजनाबद्ध परिवर्तनले विभिन्न क्षेत्रमा अपेक्षित सफलता प्राप्त गर्न सकेको छैन।

*विश्वमा भएका विभिन्न आविष्कार र विश्वव्यापीकरणसँगै सीपमूलक, व्यवहारिक, रोजगार केन्द्रित शिक्षाको आवश्यकता बढ्दै गएको छ। सीपमूलक व्यवहारिक र रोजगार केन्द्रित शिक्षाबाट देशलाई आवश्यक पर्ने*

*जनशक्ति उत्पादन गर्न सकिन्छ । उदाहरणका लागि रसिया जापान अस्ट्रेलिया चीनलाई लिन सकिन्छ । ती देशमा उद्देश्यमा आधारित र आवश्यकता केन्द्रित शिक्षा दिने गरिन्छ (सम्पन्न रेग्मी, व्यवस्थापन संकाय, विविए पाँचौं सेमेस्टर) ।*

वर्तमान पन्धौं योजना (२०७६–२०८१) समावेशीकरण, समानता र विकास कार्यक्रम तथा समावेशी विकासअन्तर्गत समानतामूलक राष्ट्रको विकास गर्ने तथा राज्यका सबै नागरिकको उपस्थिति र अर्थपूर्ण सहभागितामा समावेशी विकास गर्ने सोच राखिएको छ भने आर्थिक, सामाजिक तथा राजनीतिक अवसरबाट वञ्चितिमा परेकावर्गका लागि मुलुकमा उपलब्ध साधनस्रोत, सुविधामा समानुपातिक समावेशी पहुँचको सुनिश्चितता गर्ने कुरा उल्लेख छ । यस विषयमा सहभागीको लेखन यस प्रकार रहेको छ :

*आज विद्यार्थीहरू मानविकी, व्यवस्थापन, शिक्षा, विज्ञान संकाय तथा संस्थानमा अध्ययन गर्दछन् । तर स्नातक तह पास गरिसकेपछि त्यो सर्टिफिकेट दराजमा थन्काएर आफूलाई हिनता बोध गर्दै विदेशिन बाध्य हुन्छन् । देशको श्रमशक्ति विदेशमा जाने किसिमको शिक्षाले देशलाई अगाडि बढाउन नसकेको अवस्था छ । त्यसैले रोजगार केन्द्रित शिक्षा आजको आवश्यकता बनेको छ (सीता थापा, व्यवस्थापन संकाय, प्रथम वर्ष) ।*

विश्वभर महिलाहरूलाई कमजोर, सीमान्तकृत र बहिष्कृत भएका छन् । यसमा भूमि अधिकार र साझा सम्पत्ति स्रोत, रोजगारीका अवसरहरू, आय नियन्त्रण र ज्ञानमा पहुँचबाट लैङ्गिक आधारमा बहिष्करणमा परेका छन् । ती कारणहरूमा मुख्यतया पितृसत्तात्मक मूल्यहरू प्रमुख कारण हो । सार्वजनिक क्षेत्रबाट महिलाको बहिष्कार र उनीहरूको हेरचाह र पालनपोषणकर्ताको भूमिकामा उनीहरूको अधीनस्थता जोडिएको महसुस भयो (पोखरेल र मिश्र, २००१ पे.३) । नेपालमा महिलाको सामाजिक–सांस्कृतिक, कानुनी, शैक्षिक र राजनैतिक पछाडीको लागि महिला विरुद्धको आर्थिक भेदभाव जिम्मेवार छ (प्रधान, २००० पे. ६२) ।

समानताले सबैलाई बराबरी हुनु पर्दछ भन्ने बिषयमा जोड दिएको हुन्छ। समानतामा हुने र नहुनेबीचको खाडलको वास्ता नगरी सबैलाई समान व्यबहार हुनु पर्दछ। समाजमा हुने विभिन्न जातजाति, भेषभूषा, वर्ग, धर्म, लिंग विभिन्न राजनीतिक, भौगोलिक, आर्थिक स्थितिमा मानिसहरू बसोबास गर्ने गर्छन । समाजमा रहेका यस्ता विविध अवस्थाका व्यक्तिहरूलाई एउटै आधारमा लेखाजोखा गर्नु र एउटै सिद्धान्तमा आबद्ध गराउनलाई समानताको सिद्धान्त भनिन्छ। यसरी शैक्षिक र सामाजिक विकास गर्न समानता जरुरी हुन्छ। तर पनि समानताको अभाव खेप्न परेको विषयमा एक जना सहभागीको लेखन यस प्रकार रहेको छ :

*आज विश्व कहाँबाट कहाँ पुगिसकेको छ । हामी भने त्यही ढुङ्गेयुगमा डुबुल्की मार्न विवस छौं । हाम्रो देशमा सीपमूलक, व्यावहारिक शिक्षा भन्दा ज्ञान केन्द्रित शिक्षा दिइने गरिन्छ । यसले गर्दा बेरोजगारी समस्या दिनहुँ बढ्दै गएको छ । विश्वमा आज विभिन्न प्रविधिहरूको विकास भइरहँदा पनि आज हामी भोकमरीको समस्यासँग लडिरहेका छौं । पाँच किलो चामल लिनको लागि घन्टौं धाउनु परेको छ । एक गाग्री पानी लिनको लागि बिहान फाल्नुपर्ने अवस्था छ । शिक्षा व्यवहारिक नहुँदा पढेका मानिसहरूमा शिक्षाप्रति वितृष्णा जागृत भएको छ (निरुता शर्मा, व्यवस्थापन संकाय, बिबिए पाँचौं सेमेस्टर) ।*

यसका केही मौलिक कारणहरूमा ज्ञान तहको पढाइ तर सीपको कमि, लक्ष्य र साधनमा असन्तुलन, व्यावहारिक पक्षमा कम ध्यान, प्रशासनको अकुशलता र स्वार्थपरकता, गुटबन्दी र नातावाद, कृपावाद, मानवीय तथा सांस्कृतिक कारकको उपेक्षा, रुढी एवं अन्धविश्वास, राष्ट्रिय चरित्रको अभाव, विश्वासिलो तथ्याङ्कको अभाव, समाजमा वैज्ञानिक अध्ययन अनुसन्धानको अभाव,

राजनीतिज्ञ र प्रशासकबीच सहयोगको अभाव तथा अविश्वास, युवा र सर्व साधारण जनतामा बढदो निरासा, सेवादायकको उत्साह एवं सहयोगको अभाव आदि रहेका छन् ।

### ९. 'सीपमुलक, व्यवहारिक र रोजगार केन्द्रीत शिक्षा आजको आवश्यकता' शीर्षकमा सहभागीहरूको लेखन

निबन्ध लेखन प्रतियोगितामा ३ जना छात्र र २४ जना छात्रा गरी २७ जना विद्यार्थीहरू सहभागी भएकोमा यस शीर्षकमा सहभागीहरूको लेखन, बुझाइलाई निम्नानुसार विश्लेषण गरिएको छः

> *हिजोको आवश्यकता आजको आवश्यकता बन्न सक्दैन । यसकारण सिप र शिक्षालाई समयानुसार परिवर्तन गर्न र परिस्कृत गर्दै जान सक्नुपर्दछ । शिक्षालाई सीप र जीवनसँग जोड्न नसक्दा अहिले यस्ता समस्याहरू बढीरहेका छन् । यी समस्याहरूको निराकरणका लागि समयमै सरोकारवाला सबैले होस् पुऱ्याउन जरुरी छ (पवित्रा शर्मा, व्यबस्थापन, प्रथम बर्ष ) ।*

नेपाली समाजमा बच्चा सानो हुँदा पढाईमा ध्यान नदिएमा बुवाआमा भन्नुहुन्छ—राम्रोसँग पढ्, पढेनौ भने हली बन्नुपर्ला, दुख पाउला । हली बन्ने डरले अध्ययन गरेकाहरू हलि नबनी बिदेशमा गएर अनेक काम गर्न बाध्य बने, पैसा कमाए र ती मध्ये कतिपय समाजका उदाहरणीय व्यक्ति बनेका छन् । तर पढाइप्रति युवाहरूको चासो र बुझाई अहिले फरक रहेको छ । यस विषयमा एक जना सहभागीको लेखन यस प्रकार रहेको छ:

> *मानिसले पढेरमात्र हुदैन, जीविकोपार्जन गर्नका निम्ति रोजगार आवश्यक पर्दछ । रोजगारमा केन्द्रित भएर दिइने शिक्षालाई रोजगार र व्यवहारिक शिक्षा भनिन्छ । तर नेपालमा यस्तो किसिमको सीपमूलक शिक्षा कम दिइने गरेकोले समस्या छ । हस्तकला, शिल्पकला, सिलाई, बुनाई लगायतका सिप हासिल गरेका मानिस केही हदसम्म स्वरोजगार बनेतापनि कोरा शिक्षा लिएका विद्यार्थीहरू विश्वका विभिन्न मुलुकमा जानुपरेको छ । यसको मूल कारण भनेको शैक्षिक बेरोजगार बढ्दै जानु हो । अहिले देश रेमिटान्समा भर पर्नुपर्ने अवस्था सिर्जना भएको छ (मनिषा थापा, व्यवस्थापन प्रथम वर्ष) ।*

अहिले नेपाली समाजमा विविध समस्याहरू देखिएका छन् । मुख्यतयाः ह्रासोन्मुख कृषि, पढेकाले हलो र थलो छोडन विवश हुनु, बौद्धिक र श्रम पलायन, पूर्वाधारको कमी, घरेलु उद्योगको ह्रास, उपभोक्तावादी सोच र आयातित वस्तुमा निर्भरता बढ्नु, आवश्यक वित्तीय सेवाको अभाव, गुणस्तरीय तथा सिपयुक्त शिक्षाको कमी, गुणस्तरीय स्वास्थ्य सेवाको अभाव, महँगी, भ्रष्टाचार, उपभोक्ताहरू ठगिनु, उपभोक्ताहरूमा विचलन आउनु आदि रहेका छन् (पन्त, २५ साउन, २०७८) । यो समस्या दिनानुदिन बढिरहेको छ ।

साँच्चै हामीले पढेको शिक्षाले हली बन्न सिकाएन, माटोसँग जोडिएन, कृषिको काम गर्नमा गौरव ठानेन । अहिले दस पढ्नेहरू हलो छाडि हिंड्छन् बाह्र पढेकोले थलो छाडन बिवस छन । अहिलेको शिक्षाले माटोसँग विद्यार्थीलाई जोडेन, बरु दुरी बढायो । अहिले पनि अवस्था उस्तै छ । हाम्रो शिक्षाले ज्ञान दियो तर सीप दिएन र बल्लबल्ल थोरै सीप हासिल गरेपनि व्यवहारमा उतार्ने अवसर कममात्रलाई मिल्ने गरेको छ । यस विषयमा एक जना सहभागीको लेखन यस प्रकार रहेको छ:

> *नेपालमा पढेका मान्छे बेरोजगार बन्दै गएका छन् । स्रोत साधनहरू प्रशस्तै भएपनि तिनीहरूको सदुपयोग गर्न नसक्दा वैदेशिक रोजगारमा मुख ताक्नुपर्ने अवस्था रहेको छ । नेपालको शिक्षण सिकाई क्रियाकलाप पुरातन भएको कारणले गर्दा अपेक्षा अनुसार पढेका रोजगार हासिल गर्न नसकेको र दिनहुँ एयरपोर्टमा युवाहरूको लाइन विदेश जानका लागि बढ्दै गएको पाइन्छ । यसको लागि सरकारको भूमिका गहन हुनुपर्दछ र शिक्षा नीतिमा समय सापेक्ष रुपमा सुधार गर्नुपर्दछ (रिनाकुमारी चौधरी, मानविकी प्रथम वर्ष ) । घरायसी निर्णय प्रकृयामा विशेष गरी*

*आर्थिक श्रोतको नियन्त्रण परिचालनमा महिलाहरूको न्युन हैसियत रहेको छ । जबकी त्यस्ता कार्यमा महिलाको संलग्नता पुरुषको भन्दा निकै बढी हुन्छ (भासिन, २००४)।*

बिद्यालय तहमा ११ देखि १३ निजी बिधालयमा अध्ययन गरेको भए १३ देखि १५ बर्ष र कलेज तहमा झण्डै ८ देखि १० वर्ष पढाईमा बिताएर डिग्री पास गरेको व्यक्तिले जागिर खोज्न जाँदा डिग्रीको सटिफिकेटले काम गर्दैन । कामको लागि अनुभवको प्रमाणपत्र मागिन्छ तर कोरा प्रमाणपत्रले काम पाउन सक्दैन र आफैलाई धिकार्दै बिदेशिन बाध्य हुन्छ । यस समस्यामा एक जना सहभागीको लेखन यस प्रकार रहेको छ :

*नेपाल स्रोत साधनहरूमा धनी देश भएपनि यहाँ भएका स्रोत साधनहरूको प्रयोग गर्न नसकिएकोले बेराजगार भै वैदेशिक रोजगारमा जानेहरूको संख्या दिनदिनै बढिरहेको छ । यसैगरी देशमा भएका विविध सम्भावनाको थप अनुसन्धान हुन नसकेको कारण नेपालमा कति विद्युत उत्पादन हुन्छ भनेर भन्न नसकिने अवस्था छ (कृति सुवेदी, शिक्षाशास्त्र, दोस्रो बर्ष )।*

भनाइ र गराईबीच तालमेल मिल्न नसकेको अबस्था छ । आफुसँग पढ्न नसकेर पहिलै बिदेश गएकाले धेरै पैसा कमाएको र आफुले बाटो बिराएकोमा पछुतो मान्छ। यो नेपाली समाज र युवाहरूको जल्दोबल्दो समस्या हो। बरु हाम्रो शिक्षाले माटोसँग खेल्न सिकाएको भए सायद अहिले कलेज जाने भन्दा भाषा कक्षातिर जाने विद्यार्थीको संख्या बढि हुन्थेनन होला । यसको बारेमा कसले कहिले सोच्ने हो ? कसै न कसैले त सोच्नै पर्ने होला । हाम्रो समाजमा अझै कैयौँ बालबालिकाहरू सडकमा छन्, विद्यालयबाहिर छन् । खाते नामले चिनिन्छन्, ठूला–ठालुका घरमा बालश्रमिक बनेका छन्, कारागारभित्र चिसो छिँडीमा जिउन बाध्य छन् । मोटरहरूमा खलासीका पद भिरेका छन्, खेतबारीमा किसानको कुटोकोदालो भिरेर काम गर्न बाध्य छन् । अर्कोथरी घर परिवारको ज्यादती सहन नसकेर अनाथालयमा छन् । बुद्धि, विवेक एवं शिक्षाको अभावले केवल नारामात्र बन्न जान्छ। सबैलाई मैत्रीपूर्ण वातावरण प्रदान गरेर राज्यले समावेशी शिक्षा प्रदान गर्नुपर्दछ । आवश्यकताले गर्दा नै समस्याको सिर्जना हुने गर्दछ। समस्यालाई पनि विभिन्न खाले दर्शनको आँखाले हेर्न, चिर्न र केलाउन सकिन्छ, जस्तैः शिक्षक, अभिभावक, विद्यार्थीको आँखाबाट, समाज, राज्य र विश्व परिवेशको आँखाबाट अनि प्रतिबद्धतासँगै लगानीकर्ताको आँखाबाट गहिरिएर अध्ययन गर्न र समयमै समाधानका उपायहरू आवश्यक छन् । यदि राष्ट्र समाज र व्यक्तिको चौतर्फी विकासमा जोड दिने हो भने निष्पक्षता वा समताको सिद्धान्तलाई जोड दिन अपरिहार्य छ।

नेपालका हरेक क्षेत्रमा सम्भावनाहरू रहेका छन्। जडीबुटीको हिसाबले नागवेली, सुनाखरी, सुगन्धित तेल उत्पादन गरि आत्मनिर्भर बन्न सकिन्छ । यस्तै च्युरीबाट हर्वल साबुन उत्पादन गर्न, जुनार तथा सुन्तलाको खेर गइरहेको फूल प्रशोधन गरी सुगन्धित तेल निकाल्न, बोक्राबाट पाउडर, क्रिम बनाउन सकिन्छ । अहिले बाझो फालिएको जग्गामा कम्तिमा केरा र मेवा लगाउन सकेमा आफ्नो परिवारलाई आत्मनिर्भर बनाउन सकिन्छ। यसैगरी कृषि पेशा अन्तर्गत बागवानी, पशुपालन, अन्नबाली, नगदेबाली, दुग्ध उत्पादन, मत्स्यपालन, तरकारी खेती आदि पर्दछन् । पशुपालनमा गाई, भैँसी, बाख्रा, कुखुरा, माछा, हाँस, परेवा आदि घरपालुवा जनावरको ब्यवसायबाट प्रसस्त फाइदा लिन सकिन्छ।

अब पहाडी देश स्विजरल्याण्डको विकास प्रणाली र स्रोत व्यवस्थापन, प्राकृतिक स्रोत साधनले कमि जापानको कार्य पद्धति, मरुभूमिको देश इजरायलको विकास प्रणालीबाट हाम्रो देशले पाठ सिकेर विकास र दिगो विकासलाई आत्मसाथ गर्नुपर्दछ । यसका लागि योग्य जनशक्ति उत्पादन गरी सदैव क्रियाशिल, परिणाममुखि काम, आत्मविश्वास, एकताको भावना र स्रोत साधनको पूर्ण प्रयोग गर्ने इच्छाशक्ति सरकारमा र क्षमता, सीप, दक्षता तथा पाखुरीमा भएको वलका आधारमा सबै जनताले अवसर पाउनु पर्दछ (पन्त, २५ साउन, २०७८)।

देशको भौगोलिक अवस्था र स्रोत, साधन सम्भावना अनुसार कार्ययोजना बनाएर कृषि कार्यमा अगाडि बढेन सके हिमालमा धान नफल्ला तर पशुपालन, स्याउ, गेडागुडी, फापर, कोदो, जौ, ओखर, जडीवुटी र पर्यटनबाट मनग्य आर्जन गर्न सकिन्छ। पहाडमा उब्जनी कम होला तर लटरम्म फलफूल खेती, कोदो, मकै, अलैची, चिया, पशु व्यवसाय र खानीबाट जीवन स्तर उठाउन सकिन्छ । पशुपालन, घरेलु तथा साना उद्योग चलाउन र पर्यटन सम्भव छ। तराईमा तराई क्षेत्रमा सुन खानी नपाइएला तर सुन रुपि अन्न खाध्य तथा नगदे वाली फलाउन, मझौला तथा ठुला उद्योग चलाउन र पशु व्यवसायबाट देशलाई आत्मनिर्भर बनाउन सकिन्छ । परिवर्तनशील र गतिशील समयलाई पछाउन नसके मानिसको अस्तित्व रहन सक्दैन । सरकारले 'समृद्ध नेपाल, सुखी नेपाली' को नारामात्र ल्याएर मात्र पुग्दैन। युवाहरूलाई बिदेश पठाउनु र रेमिटान्स भित्राउनुलाई गौरव मान्ने मानसिकता तोड्न नसकेको अबस्था छ।

## १०. सीपमुलक, व्यवहारिक र रोजगार केन्द्रीत शिक्षाका चुनौतीहरू र समाधानका उपायहरू

निवन्ध क्षमतासँगै नेपालको उच्च शिक्षाका व्यवहारिक समस्या रहेको विषयमा अब केन्द्रित हुन आवश्यक छ। यस लेखले उल्लेख गरेका विषयवस्तु र भनाईलाई गम्भीर रुपमा लिएर अगाडि बढनु पर्नेमा निवन्ध लेखनमा सहभागी विद्यार्थीहरूको जोड रहेको छ। यिनै बिषयवस्तुहरूलाई मिलाएरमात्र तलको खण्डको समीक्षा गरिएको छ । यस विषयमा सहभागीहरूको लेखन यस प्रकार रहेको छ:

> *सिपमूलक व्यवहारिक र रोजगार केन्द्रित शिक्षा बनाउनको लागि देशमा दक्ष जनशक्ति अडिनुपर्दछ। शिक्षकहरूले किताबी ज्ञान मात्रै नदिई देश र विद्यार्थीको भविष्य सफल हुने शिक्षा दिन सक्नुपर्दछ। नेताका छोराछोरीलाई विदेश पठाउने र गरिव जनताका छोराछोरीलाई राम्रो शिक्षा दिन नसक्दा आज यो समस्या बढेको छ (रिना चौधरी, मानविकी संकाय, प्रथम बर्ष)।*

> *पढेको, लेखेको, सुनेको, भोगेको कुराबाट ज्ञान लिएर त्यसलाई व्यवहारमा उतार्न सकेमा मात्र व्यावहारिक शिक्षा हुन्छ । तर हाम्रो देशमा पढेको, लेखेको, सुनेको, भोगेको कुरा भन्दा किताबमा भएको ज्ञानलाई मात्र बढी प्राथमिकता दिएकोले शैक्षिक बेरोजगारी समस्या बढेको पाइन्छ (रोसीका गौतम, व्यवस्थापन, दोस्रो वर्ष ) ।*

> *अहिले रोजगारमूलक शिक्षा व्यक्तिको मूल उद्देश्य रहन्छ। सीपमूलक व्यावहारिक र रोजगार केन्द्रित शिक्षाले कुनै पनि व्यक्तिलाई आत्मनिर्भर बनाउन सक्दछ । यस्तो शिक्षामा जोड दिनु आजको आवश्यकता हो (मोनालिसा नेपाली, विज्ञान संकाय दोस्रो वर्ष)।*

> *तथापि आज पढेका मानिस बेरोजगार भएर वैदेशिक रोजगारमा भौतारिनु परेको छ । बेरोजगारले नेपाली समाजमा नराम्रो समस्या सिर्जना गरेको छ । हत्या, हिंसा, आतंक फैलिरहेको छ । यी सबै समाधानका लागि सीपमूलक व्यावहारिक र आत्मनिर्भर शिक्षा प्रदान गर्नु पर्ने भएता पनि अपेक्षा अनुरुप काम हुन सकेको छैन (अस्मिना राई, मानविकी संकाय, बीए प्रथम वर्ष)।*

यस बिषयमा बिभिन्न विद्यार्थीको अनुभव फरक फरक रहेको छ। यस विषयमा सहभागीको लेखन यस प्रकार रहेको छः

> *ताप्केमा राखेको माछा उम्लेर भुँङग्रोमा परेर छटपटिएको समाचार हामीले दिनहुँ सुनिरहेका छौं। आजको शिक्षा त्यस्तै बनेको छ। पढेर पनि उद्देश्य अनुरूप शिक्षा नभई परम्परागत शिक्षा प्रदान गर्दा नेपाली समाजमा बेरोजगार समस्या बढ्दै गएको छ (दिलकुमारी सापकोटा, व्यवस्थापन संकाय, चौथो वर्ष)।*

> *देशको सामाजिक आर्थिक समस्या आउनुमा नेता, नीति, नेतृत्वसँगै विगतको कोरोना भूकम्प शैक्षिक बेरोजगार ज्ञान प्राप्त गरी व्यवहारमा*

*उतार्न नसक्नु परम्परागत कृषिमा आधारित जीविकोपार्जन हुनु, देशका दक्ष जनशक्ति विदेश पलायन हुनु, राम्रोसँग व्यवस्थापकीय कार्य गर्न नसक्नु, भ्रष्टाचार बढ्नु, नीतिगत भ्रष्टाचारले देश गरिव बन्नु आदि कारण शिक्षा व्यावहारिक बन्न नसकेको देखिन्छ (संगीता शर्मा, स्नातक तह, दोस्रो वर्ष) ।*

घरायसी कामको बोझ, शिक्षाको अभाव, चेतनाको अभाव, राजनीतिमा खुट्टा तान्ने संस्कार, आवश्यक आरक्षित स्थानको कमी, परिवारको असहयोग, गरिवी, हिंसाको राजनीति र समुदायको असहयोग हुन" (श्रेष्ठ र हाछेथु, २०६९) । यस विषयमा एक जना सहभागीको लेखन यस प्रकार रहेको छः

*यी समस्याहरूलाई छिचोल्दै जनतन पढेतापनि अहिले युवाहरूमा कागजको टुक्राले खान लाउन दिँदैन र पुग्दैन भन्ने मानसिकता विकास भएको छ । राज्यले प्रदान गर्ने शिक्षा सीपमा आधारित छैन । परीक्षामा ए प्लस, ए ल्याएर मात्र पुगेन, सिप प्रदान गर्न सक्ने शिक्षा भएन, शिक्षा पाएका मान्छे बेरोजगार बन्दै गए । ज्ञान, सिप र अनुभवको आवश्यकता अनुसार जीवनमा प्रयोग गर्न नसक्दा यो समस्या सिर्जना भएको छ (सृष्टि घर्ती, स्नातक तह) ।*

*युवाहरूमा नेपालमा पढेर के काम भन्ने मानसिकताको विकास भै सकेको छ । व्यवहारिक शिक्षा सिर्जनशील, लगनशील, आत्मनिर्भर जनशक्ति उत्पादन गर्न आवश्यक भएपनि नेपालमा त्यस्तो किसिमको शिक्षा नहुँदा, व्यापारिक शिक्षा हासिल गर्न नसक्दा, आत्मनिर्भर बन्न नसकेको अवस्था छ (दीपिका थापा, शिक्षाशास्त्र संकाय, पहिलो वर्ष) ।*

सामाजिक बहिष्करण नै महिलाको अशक्तिकरणको मूल कारण हो । सशक्तिकरणलाई व्यक्तिगत र समूह स्तरमा देखा पर्दछ । भारतीय समाजशास्त्री कमला भासिनले "सशक्तिकरणलाई आत्म–सम्मान, आत्मनिर्भरता र स्रोतहरूमाथि नियन्त्रण लिने जस्ता सामाजिक पक्षहरूको वृद्धिको रूपमा परिभाषित गरे (चौलागाई र अन्य, २००३ पे.३६) । सशक्तिकरणले सीमान्तकृतहरूको पक्षमा अवस्थित स्रोत र शक्ति सम्बन्धलाई रूपान्तरण गर्दछ । वञ्चित र पिछडिएका समुहहरू र सामान्यतया महिलाहरूले शक्ति प्रयोग गर्न र स्वैच्छिक छनौट गर्नमा गम्भीर सीमाहरूको सामना गर्नु परेको छ (श्रेष्ठ, २००७ पे. ५८) । शिक्षक, अभिभावक समिति तथा स्थानीय शिक्षाप्रेमी, नागरिक समाजको शिक्षामा चासो र सकारात्मक सहायता उपलब्ध गराउने नगरेको, तालिमप्राप्त सीपयुक्त स्रोत कक्षाहरू सन्चालन गर्न नसक्नु, कक्षामा नबुझेका विषयवस्तु छलफल गर्ने, होमवर्क परिक्षण गर्ने, गराउने, विभिन्न विधि र प्रविधि प्रयोग गरी तुलनात्मक रूपमा कमजोर विद्यार्थीलाई सहायता उपलब्ध गराउने परिपाटी नरहेको, मूलधारका कक्षामा शिक्षकले पढाइरहँदा विषयवस्तुलाई सरलीकरण गर्न, धारणात्मक ज्ञान दिन सहायता उपलब्ध गराउने परिपाटी नरहेको बिद्यमान समस्या छ । यस विषयमा केन्द्रित बनी एक जना सहभागीले यस प्रकारको लेखनमा जोड दिएका छन्ः

*परम्परागत कोरा शिक्षा मात्र सिकाएर सिप सिकाउन नसक्दा आज शैक्षिक बेरोजगार समस्या बढ्दै गएको छ । विज्ञानले आविष्कार गरेका विभिन्न उपलब्धिहरू अनुरुप शिक्षामा जोड्न नसक्नु, पढेको कुरा व्यवहारमा उतार्न नसक्नु, सानोतिनो जागिर गर्न इच्छुक नभै धेरै पैसाको पछाडि लाग्नु जस्ता कारणले गर्दा आज बेरोजगारी समस्या बढ्दै गएको छ (आयुष्मा थापा मगर, विज्ञान अध्ययन संस्थान, प्रथम वर्ष) ।*

समावेशी शासन विधिको अभ्यासमा संवैधानिक प्रतिबद्धता अनुरूप शासकीय व्यवहारहरू पुरानै हुनु, समयानुकूल परिवर्तन हुन नसक्नु, समानुपातिक प्रतिनिधित्व र आरक्षणबाट लक्षित वर्गले लाभ लिन नसेकेको आरोप लागेको छ । सम्भ्रान्त वर्ग, समुदाय भित्रका अब्बल, टाठाबाठाहरूले यसको लाभ लिएको

आरोप छ । समानुपातिक प्रतिनिधित्व र आरक्षणबाट लक्षित वर्गले लाभ लिन नसेकेको आरोप लागेको छ । सम्भ्रान्त वर्ग, समुदाय भित्रका अब्बल, टाठाबाठाहरूले यसको लाभ लिएको आरोप छ (लामिछाने, ८ जेष्ठ २०७७) । शिक्षामा रहेका चुनौतीहरू पन्छाउन खोज, अध्ययन–अनुसन्धान र प्राप्त दक्ष जनशक्तिको पहिचान र परिचालन गर्ने कार्यमा शिक्षासँग सम्बद्ध सरोकारहरूमा चासो नरहेको, अभिभावक र समाजले नेपालमा पढेर सिक्न र जीवनमा प्रगति गर्न सक्छन् भन्ने विश्वास कम गर्ने गरेको, आशा–आकक्षा नरहेको, अभिभावकमा नेपालमा पढाउन उत्साही नभएकाले र प्रोत्साहन गर्ने तथा समय र स्रोतको लगानी गर्नमा आर्कषण नरहेको आदि कारणले गर्दा आज दिनहुँ एयरपोर्टमा युवाको लाईन बढेको र गाउँ बुद्धाश्रम बनेको छ । यस विषयमा केन्द्रित रही एक जना सहभागीले यस प्रकारको लेखनमा जोड दिएका छन्:

> *विद्यार्थीलाई प्राथमिक तहबाट नै सीपमूलक तथा व्यावहारिक शिक्षा दिन सकेमा उनीहरूले आफूलाई सक्षम छु भन्ने आत्मबल सहित अगाडि बढाउन सक्छन् । यसले गर्दा रोजगारमा केन्द्रित भएर अगाडि युवाहरू आत्मनिर्भर बनी अगाडि बढ्न सक्छन् (दिपसागर सुवेदी, बिबिए पाँचौं सेमेस्टर) ।*

विद्यार्थी भर्ना अभियानसँगै समाजमा स्थापित हुन सफल भएका व्यक्तिहरूको सहभागितामा बृहद् जनचेतना अभियान सञ्चालन गरिनु पर्ने, क्याम्पसहरूमा अवरोध न्युनीकरण भएको वातावरण सिर्जना गर्न उत्प्रेरणामूलक कार्यक्रमहरू सञ्चालन गर्ने, समावेशी शिक्षा, यसको महत्व र यसका फाइदाहरूका बारेमा जानकारी गराउने, समय समयमा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने गरेमा यो समस्या समाधान गर्न सकिन्छ । यस विषयमा केन्द्रित बनी एक जना सहभागीले यस प्रकारको समाधानको उपायमा जोड दिएका छन्ः

> *विद्यार्थी र अभिभावकको ध्यान अब आवश्यकतामा आधारित शिक्षामा जानुपर्दछ । विद्यार्थीले ज्ञान मात्रै हासिल गरेर हुँदैन । सीप र क्षमता अभिवृद्धि गर्नुपर्दछ । यस्तो किसिमको शिक्षा प्रदान गर्न राज्य सक्षम र सबल बन्नुपर्दछ (सोना बोहरा, शिक्षाशास्त्र संकाय, द्वितीय वर्ष)। सीपमूलक जीवन उपयोगी शिक्षा दिन कलामा जोड दिनुपर्दछ (निशा गुप्ता, व्यवस्थापन संकाय, प्रथम वर्ष) ।*

सहपाठी सहयोग र सिकाइ आदान–प्रदान गरी फाइदाहरू सिकाउने र उत्प्रेरणा जगाउने कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने, क्याम्पसले विद्यार्थीहरूलाई उपलब्ध गराइने छात्रवृत्तिलाई सरलरूपमा प्राप्त गर्न सकिने बनाउनु पर्ने र यसको प्रचार–प्रसार तथा अभिभावकको सूचनामा पुऱ्याउनु पर्ने, स्रोत कक्षा उपलब्ध गराउनु पर्ने र त्यस्ता कक्षालाई स्रोतपूर्ण र नतिजामुखी बनाउनु पर्ने, स्रोत कक्षालाई मूलधारका कक्षाहरूमा नबुझेका विषयवस्तु र तुलनात्मकरूपमा कमजोर मानिएका विद्यार्थीलाई थप अभ्यास गर्ने, सिक्ने र सिकाउने कोचिङ कक्षाको रूपमा विकास गर्नु पर्ने न कि अपाङ्ग विद्यार्थीलाई जम्मा गर्ने र अन्य विद्यार्थीसँग घुलमिल हुनबाट वञ्चित गराउने कक्षाका रूपमा विकास गर्ने, प्रतिस्पर्धात्मक क्षमता विकास गर्न विशेष तालिमको व्यवस्था गर्ने, बैज्ञानिक अनुगमन मूल्याङ्कन रणनीति अबलम्वन गर्ने। समग्र कार्यक्रमको गहन अध्ययन विश्लेषण गरी त्यसबाट आएको पृष्ठपोषणलाई कार्यान्वयन गर्ने, मुल्याङ्कनलाई व्यवहारिक र वैज्ञानिक तुल्याउने, समावेशीकरणको प्रभावको मूल्याङ्कन गर्ने आदि चुनौतिहरू रहेका छन् । यस विषयमा केन्द्रित बनी एक जना सहभागीले यस प्रकारको लेखनमा जोड दिएका छन्:

> *एक्काइसौँ शताब्दीमा शिक्षा ज्ञानका आयामहरूमा आधारित भएर अगाडि बढेका छन् । गुणस्तरीय जीवनका आधारहरू फेरिएका छन् । मानव कल्याण सेवा परोपकार रोजगार योगदान र बलिदान फेरिएको छ । विश्वव्यापीकरणको मर्म अनुरूप आज शिक्षा प्रदान गर्न नसकेको कारण नेपाली समाजमा अनेकौं समस्याहरू देखा परेका छन् (बिमला रिमाल, व्यवस्थापन संकाय, चौथो वर्ष) ।*

राज्यमा बसोबास गर्ने र मूलधारमा आउन नसकेका शैक्षिक, सामाजिक, आर्थिक र सांस्कृतिक बञ्चितिकरणमा परेका विभिन्न वर्ग, लिङ्ग, जातजाति र क्षेत्रका नागरिकलाई समन्यायको माध्यमबाट राज्यको शासकीय सञ्चालन प्रक्रियामा सहभागी गराउनु, सशक्तीकरण गर्नु र समान व्यवहार गर्नु नै समावेशीकरण हो। समावेशी प्रक्रियाले त्यस्ता वर्ग वा समूहको राज्यप्रतिको अपनत्वको भाव पैदा हुने गर्दछ। यस विषयमा केन्द्रित बनी सहभागीले यस प्रकारको लेखनमा जोड दिएका छन्ः

> *नेपालमा राम्रा कानुन बन्ने संविधानमा निःशुल्क, व्यावहारिक, अनिवार्य, रोजगारमूलक शिक्षा प्रदान गर्ने उल्लेख गरे पनि उद्देश्य अनुरुपको व्यवहारिक शिक्षा प्रदान गर्न नसकेको अवस्था छ। तर विश्वका विभिन्न देशहरू जस्तै जापान, चीन, अमेरिका, अस्ट्रेलिया, स्विजरल्यान्ड जस्ता राष्ट्रहरूले आफना देशका नागरिकहरूलाई आवश्यकतामा आधारित भई रोजगारमूलक व्यवहारिक शिक्षा प्रदान गर्ने गरेका छन्। तीबाट पाठ सिकेर नेपालले पनि व्यावहारिक शिक्षामा जोड दिन आवश्यक छ (रेखा जिसी, शिक्षाशास्त्र संकाय, बिएड, दोस्रो वर्ष)।*

सामाजिक समावेशीकरण व्यक्तिको सशक्तिकरणको मुख्य मार्गको रूपमा रहेको छ र कहिले काहीं सशक्तिकरण र सहभागितालाई जोड्छ। सामाजिक समावेशीकरण र सशक्तिकरण घनिष्ठ रूपमा सम्बन्धित छन् तर अलग अवधारणाहरू र सामाजिक समावेशीकरण प्रक्रिया मार्फत, सशक्तिकरण प्रक्रिया सञ्चालन हुन्छ। बेनेटले सामाजिक समावेशीकरण र सशक्तिकरणले समता र विकासमा समसामयिक भूमिका खेल्छ भनी व्याख्या गरेकी छन् (बेनेट, २००५)। समावेशी शिक्षाको मुल मर्मभित्र विविधतालाई स्वागत गर्ने, सम्मान गर्ने, प्रत्येक इच्छुक सिकारुलाई शिक्षाको माध्यमबाट लाभान्वित बनाउने, प्रत्येक छात्रछात्रालाई समान शैक्षिक अवसरको सुनिश्चितता गर्ने तथा सिकाइ क्षमतालाई बढोत्तरीमा सहयोग पुऱ्याउने, शैक्षिक प्रक्रियाको बाधालाई बढोत्तरीमा सहयोग पुऱ्याउने, शैक्षिक प्रक्रियाका बाधालाई हटाई सिकाइलाई सहज वातावरणमा सम्पन्न गराउने र जोखिमपूर्ण अवस्थामा जीउन बाध्य भएका विद्यार्थीलाई उचित अवसर र वातावरण निर्माण गरी शैक्षिक विकासमा जोड दिने व्यवस्था मिलाउन नसकेको अवस्था छ। समावेशी शिक्षासम्बन्धी विगतदेखि हालसम्म बुलन्दरूपमा आवाज उठेको भएता पनि अपेक्षित उपलब्धि हासिल भएको पाइदैन।

## ११. संकायगत रुपमा सहभागी विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क र स्तर माथिको लेखनका आधारमा

तालिका ४: *संकायगत रुपमा सहभागी विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क*

| संकाय | सहभागी | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|
| शिक्षा | ११ | १९६.५ | १७. ८६ | ५९. ५३ |
| व्यवस्थापन | ९ | १४३ | १५. ८८ | ५२. ९३ |
| मानविकी | २ | २२ | ११ | ३६. ६६ |
| विज्ञान | २ | २७.५ | १३. ७५ | ४५. ८३ |
| व्यवस्थापन विविए | ३ | ५६.५ | १८ ८३ | ६२. ७६ |
| जम्मा | २७ | ४४५. ५ | १६. ५ | ५१. ५४ |




नेपाली भाषामा लेखिएका निवन्ध २ जना मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन गर्न लगाइएको थियो । ३० अंकलाई आधारमानी प्राप्ताङ्कको विश्लेषण गरिएको थियो । माथिको तालिका अनुसार सबै विद्यार्थीले विषयगत क्षेत्रका आधारमा प्राप्त गरेको अंकलाई उनीहरूले प्राप्त गर्न सक्ने अधिकतम पूर्णाङ्कले भाग गरी छुट्याइएको अंकभारको प्रतिशतले गुणन गरी वास्तविक अंकभार निकालिएको छ । कुल अंकभारलाई पनि उपलब्धिको प्रतिशतमा अनुसार विश्लेषण गरिएको छ । निबन्ध लेखन प्रतियोगितामा सहभागी विद्यार्थीहरूको औसत प्राप्ताङ्कको बिश्लेषण गर्दा सबैभन्दा बढी औसत प्राप्ताङ्क विविएको रहेको छ जसमा ६२.७६ प्रतिशत रहेको छ। यसैगरी लेखनमा शिक्षाशास्त्र संकायको ५९.५३ प्रतिशत रहेको छ। व्यवस्थापनको ५२.९३ प्रतिशत रहेको छ भने विज्ञानको ४५.८३ र मानविकीको ३६.६६ प्रतिशत रहेको छ। नेपाली भाषामा लेखिएको निवन्धमा अंग्रेजी भाषामा लेख्ने पढने विविएका विद्यार्थीको औसत अंक बढी आएको निरन्तर अभ्यास गरेमा सफलता हासिल गर्न सकिने र भाषाले असर नगर्ने देखिन्छ। यसबाट विद्यार्थीमा निबन्ध लेखन क्षमता मध्यम रहेको, विषय वस्तुको वर्णन उत्तम रहेको तथा शैली र उद्देश्य सामान्य रहेको पाइयो।

## १२. छलफल

नेपालको वर्तमान संविधान २०७२ ले समावेशीकरणको व्यवस्थापन गरेको छ । समावेशी संरचनाको संविधानसभाले निर्माण गरेको संविधानले शासनमा सबैको मूल प्रवाहीकरणको उद्देश्य राखेको छ। यस अन्तगर्त भाग ३– धारा १८ मा सकारात्मक विभेद सहितको समानताको हकको व्यवस्था छ। धारा ४२ र ४३ मा सामाजिक न्याय, सामाजिक सुरक्षाको विषय संविधानमा सम्बोधन गरिएको छ । धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी १४ वटा नीतिहरू अङ्गीकार गरिएको छ । समावेशीकरणलाई सफल पार्न भाग २७ मा विभिन्न ७ वटा आयोग स्थापना गर्ने संवैधानिक व्यवस्था छ । यसमा महिला आयोग, दलित आयोग, समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारु आयोग र मुस्लिम आयोग बनेका छन्।

यसैगरी १५ औँ पञ्चवर्षीय योजनाले राज्यका सबै नागरिकको उपस्थिति र अर्थपूर्ण सहभागितामा समावेशी विकास गर्ने सोच र मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका समुदायको सशक्तीकरण र समानुपातिक विकास गर्ने लक्ष्य राखेको छ। नीतिगत तहमा समानुपातिक प्रतिनिधित्व, सहभागिता र सकारात्मक विभेदको माध्यमबाट आर्थिक र सामाजिक रूपान्तरण गर्ने प्रमुख रणनीतिका साथ विविधता व्यवस्थापन गर्ने प्रयास भएको देखिन्छ (लामिछाने, ८ जेष्ठ, २०७७)।

कतिपय अध्ययन अनुसन्धान बिना प्रयोगमा ल्याइएका नीति, कार्यक्रमले अनिश्चितताको वातावरण

सिर्जना हुनु, प्रचारबाजीका रूपमा ल्याइएका कार्यक्रमले अपेक्षित उपलव्धि हासिल नहुनु, विग्रह आउन सक्नु, दीर्घकालीन दृष्टिकोणको अभाव हुनु संरक्षणात्मक पक्षमा मात्र जोड दिनु, योग्यता प्रणालीमा असर पर्नु, टाठाबाठाबाट दुरूपयोग बढ्ने खतरा हुनु, जातिगत असन्तुलन, मनोवैज्ञानिक द्वन्द्व सिर्जना हुनु, सम्भावना, प्रजातान्त्रिक संस्कार र शैलीको अभाव, दलहरूमा आन्तरिक प्रजातन्त्रको कमी, शासनमा जनसहभागिता र जनउत्तरदायित्वको कमि, निषेधको राजनीति, आर्थिक अनुशासनमा ह्रास, सत्ताधारीहरूमा सामन्तवादी र सुविधाभोगी चरित्र हावी हुनु, दल र नेता, नीति, नेतृत्वले शासन शैली र राजनीतिक व्यवहारमा रहेका गम्भीर कमजोरीलाई महसुस गर्न नचाहनु, दोषारोपणको खेति फस्टाउनु, त्यसको दोष संविधानलाई दिनु र समाधान संवैधानिक परिवर्तनमा मात्र देख्ने प्रवृत्ति रहनु आदि नेपालमा समावेशीकरणका चुनौतीहरू हुन् । यस विषयमा केन्द्रित बनी एक जना सहभागीले यस प्रकारको लेखनमा जोड दिएका छन्ः

> *हाम्रो देशमा शिक्षाको पहुँच नभएको होइन तर शिक्षाको आधार भनेको प्राविधिक, सिपमूलक व्यावहारिक र रोजगार केन्द्रित हुनुपर्दछ । वर्तमान संरचनालाई सुधार नगरी आमूल परिवर्तन गर्न सकिदैन । शिक्षा मानिसहरूको जीवनशैलीलाई सरल सहज र अर्थपूर्णका साथै व्यवस्थित बनाउने हुनुपर्दछ (आशिका छन्त्याल, शिक्षाशास्त्र संकाय) ।*

मार्क्सवादीहरू वर्तमान संरचनालाई सुधार नगरी आमूल परिवर्तनबाट लैङ्गिक विभेद हटाउन सकिन्छ भन्ने मान्यता राख्छन् तर पनि उनीहरू वर्तमान संरचनामा समान ज्याला, न्यायपूर्ण दृष्किोण, कार्यको मूल्याङ्कन, व्यवहारिक श्रम विभाजन आदिलाई जोड दिन्छन् (रीटजर, १९९६) । विश्वविद्यालयका शिक्षक, कर्मचारी तथा अनौपचारिक तथा वैकल्पिक ढाँचाका शिक्षक, सहजकर्ता, प्रशिक्षकलगायतको जनशक्तिलाई समता एवम् समावेशी शिक्षाको मर्म र भावना अनुसार समग्र शैक्षिक व्यवस्थापन सम्बन्धी सक्षमता विकास गर्नुपर्छ । सिकाइको सर्वव्यापी सिद्धान्त, प्रत्यक्ष शिक्षण तथा उपचारात्मक शिक्षण सम्बन्धमा शिक्षक तालिमको व्यवस्था गरिएतापनि अपेक्षित उपलव्धि हासिल हुन सकेको छैन । त्यसैगरी सबैका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्न पहुँच र सहभागिता, संस्थागत क्षमता र गुणस्तर अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालनमा छ तर पनि सत प्रतिशत नतिजा आउन सकेको छैन । यसकालागि शिक्षाका सरोकारवालाहरूको जिम्मेवारी र उत्तरदायित्व तोकी वैज्ञानिक रुपमा दण्ड र सजाय तथा पदियभन्दा क्षमतामा आधारित उपलव्धिलाई आधारमानी तलव सुविधा दिने व्यवस्था गरिनु पर्दछ । यस विषयमा केन्द्रित बनी एक जना सहभागीले लेखनमा जोड दिएको बिषय यस प्रकारको छन्ः

> *सरकारले शिक्षामा गहन लगानी र सक्रियपुर्ण सहभागिता गर्न सक्नु पर्दछ । शिक्षालाई व्यवहारिक र जीवनसँग जोड्नु पर्दछ । राजनीति व्यवस्था असल नहुँदा यस्ता समस्याहरू बढीरहेकोले यी समस्याहरूको निराकरणका लागि हामी सबै एक हुन जरुरी छ (रुद्धबहादुर पुन, शिक्षाशास्त्र, दोस्रो बर्ष) । यसै गरी वैदेशिक रोजगारमा जानेहरू आफनो घरपरिवार छाडेर जन्मेको ठाउँ र माटो छाडेर विदेशमा पलायन भइरहेका छन् । यसको उपयुक्त समाधान गर्न नसक्दा आज समस्याहरू आइरहेका छन् । यसको उपयुक्त समाधान गर्न नसक्दा आज समस्याहरू आइरहेका छन् (मिना बिक, शिक्षाशास्त्र, दोस्रो बर्ष) ।*

रोजगारीको विविध क्षेत्रमा पनि महिलाको सहभागिता कम छ । साथै महिलाले घरेल तथा कृषि कार्यमा गर्ने योगदानको लेखाजोखा राष्ट्रिय लेखामा गर्ने गरिएको छैन । महिलाको आर्थिक अवस्था सुधार्न समुदाय स्तरसम्म सम्भावित आय आर्जन र लगानीको क्षेत्रहरू पहिचान गरि आर्थिक स्रोत साधनको परिचालन र ऋण प्रवाह कम भएको देखिन्छ । आर्थिक (सशक्तिकरणको अभावले महिलालाई पुरुषमाथि निर्भर गराएको छ (राष्ट्रिय महिला आयोग ऐन ,२०७४) ।

नेपालमा रोजगारको अवसर नहुनु, व्यवसाय गर्न झन्झट र व्यवसायमैत्री वातावरण नहुनु, बिए, बिबिए, बिएड कार्यक्रमलाई चारवर्षे बनाउनु, पारिवारिक बाध्यता, विश्वबिद्यालयले समयमै परीक्षा नलिनु र नतिजा सार्वजनिक नगर्नुलगायत कारण विद्यार्थीले बीचमै पढाइ छाड्नु, पढाइमा कम चासो दिनु, 'सरकारी नियम सही नभएका कारण विद्यार्थी दिक्दार बन्नु, पढ्दा पढ्दै बेचैन भएर विदेश जाने वा 'ड्रपआउट' हुन, 'त्रिवि लगायत नेपालका विश्वबिद्यालयमा स्नातक तह पढेर सर्टिफिकेट हात पार्न करिव ६ वर्ष लाग्ने गरेको छ, यस्तो अवस्थामा विद्यार्थी कसरी टिकाउने भन्नेमा सम्बन्धित निकाय प्रायः मौन छ। अहिले विदेश जानका लागि रनिङ लेटर बनाउन आउनेको संख्या अत्यधिक छ।' यस विषयमा केन्द्रित बनी एक जना सहभागीले जोड दिएको बिषय यस्तो रहेको छ :

> *आफूमा भएको क्षमतालाई बाहिर निकाल्न सक्ने शिक्षा आजको आवश्यकता हो । नेपालमा आवश्यकता केन्द्रित शिक्षा भन्दा परम्परागत शिक्षामा जोड दिएको कारणले गर्दा शिक्षाप्रति विद्यार्थीहरूको चासो कम भएको छ (निता श्रीस, स्नातक तह, दोस्रो वर्ष)।*

> *नेपालमा जति उच्च तहको प्रमाणपत्र भएपनि अरु देशमा गएर भाडा माझ्नुपर्दा योभन्दा लाजमर्दो कुरा अरु केही हुन सक्दैन। पढेर पनि बेरोजगार बन्नुपर्दा पढाइप्रति वितृष्णा जागृत भएको पाइन्छ (सम्झना भण्डारी, शिक्षाशास्त्र संकाय, दोस्रो वर्ष)।*

शिक्षाविद् विद्यानाथ कोइरालाले देशको व्यवस्थाले विद्यार्थीको चाहना बुझ्न नसकेकोले अध्ययनमा समस्या परेको छ । 'अहिले विद्यार्थीले पार्टटाइम पढाइका साथै पार्टटाइम जब खोजिरहेका छन्, तर राज्यले सो सुविधा दिन नसक्दा उनीहरूमा निरासा आएका छ' । हामीले उनीहरूको मनसाय बुझेनौं, विद्यार्थीको अव अविलम्व उनीहरूको सोच बुझ्नुपर्छ, पढाइसँगसँगै रोजगार दिन सक्नुपर्छ । लगानी अनुरुपको राम्रो नतिजा नआउनु, ड्रपआउट बढ्नु विद्यार्थीको दोष होइन, सरकारको हो।' यस विषयमा केन्द्रित बनी एक जना सहभागीले जोड दिएको बिषय यस प्रकार छः

> *नेपालको शिक्षा साह्रै कमजोर र खोक्रो हुँदै गएको छ । उच्च शिक्षा हासिल प¥यो बेरोजगार बन्यो, प्रमाणपत्र लियो जागिरको लागि भौतारियो तर जागिर नपाएपछि आफैले आफैलाई धिकार्दै विदेश गयो । यी समस्या आज नेपाली समाजको नियति नै बनेको छ । त्यसैले जीवनलाई सरल, सबल बनाउने शिक्षा आजको आवश्यकता हो । किताबमा सिमित ज्ञानले खान लाउन दिँदैन । व्यवहारिक र सीपमूलक रोजगार मुलक शिक्षा भएमा आज यी समस्या आउने थिएनन् । त्यसैले सम्बन्धित निकाय यी समस्या समाधनमा विज्ञ बन्नुपर्दछ (ममता श्रीस, व्यवस्थापन संकाय, प्रथम वर्ष)।*

नेपालले आर्थिक, सामाजिक, साँस्कृतिक सविदा १९६६ लाई मान्यता प्रदान गरेको थियो। त्यस्तै १९९२ मा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावसम्बन्धी महासन्धि (CFDAW) त्यस्तै थुप्रै सन्धिलाई मान्यता दिएको छ। त्यस्तै महिलाविरुद्ध हुने भेदभाव सम्बन्धी महासन्धिपछि त्यसको वैकल्पिक सविदालाई पनि मान्यता दिएको हो (कार्की सुशिला २०६८) । संविधानले सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाको माध्यमद्वारा गुणस्तरीय शिक्षा, दिगो शान्ति, सुशासन, विकास र समृद्धिको अपेक्षा गरेको छ। प्रतिस्पर्धात्मक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा निष्पक्ष र सक्षम न्यायपालिकासँगै कानुनी राज्यको अवधारणा स्पष्ट गरेको छ। तर सिंहदरबारको अधिकार गाउँ–गाउँमा पुगेको मात्र होइन सिंहदरबारको भ्रष्टाचार पनि गाउँ–गाउँमा पुगेकोमा सबै तह र तप्काका जनता निरास र हैरान बनेका छन् (पन्त, ११ चैत्र, २०७८)। माथिको तथ्यमा केन्द्रित

रहेको एक गहन समस्या बारे एक जना सहभागीले जोड दिएको बिषय यस प्रकार छ :

> *यसैगरी नेपालमै व्यवहारिक ज्ञान र सीप दिने हो भने विद्यार्थीहरू विदेशिन खोज्दैनन् । स्वदेशमै युवाहरू बसिरहे देशको विकास गर्न सहज हुन्छ र देशलाई आवश्यक पर्ने सीप तथा जनशक्तिको कमी हुन सक्दैन । अहिले गाँस, बास र कपासको अभावले गर्दा मानिसहरू विदेशिएका छन् । स्वदेशमा घरेलु तथा मझौला उद्योगको अभावले गर्दा स्वरोजगार बन्न नसक्दा पढाइप्रतिको वितृष्णा बढ्दै गएको छ । यी समस्याको समाधान समयमै गर्न अति आवश्यक छ (दीपसागर सुवेदी, विविए पाँचौं सेमेस्टर) ।*

पढ्दा पढ्दै पढाईलाई निरन्तरता नदिई बिचमै छाडेको, घरायसी निर्णयको प्रक्रियामा न्यून सहभागिता रहेको र उनीहरूको सामाजिक तथा आर्थिक अवस्था पनि नाजुक रहेको बताइएको छ (बुढाथोकी सन, २००८) । सहभागीहरूका विचारसँग शिक्षाविद् केदारभक्त माथेमाको तर्क पनि समान रहेको पाइन्छ । उहाँका अनुसार उच्च शिक्षाका लागि बाहिर जाने विद्यार्थीकै कारण 'ड्रपआउट' धेरै भएको हो । विद्यार्थी बिदेसिनुको मुख्य कारण रोजगारसँग जोडिएको छ। 'अधिकांश विद्यार्थी काम गर्दै पढ्न पाइने भएकाले विदेश जान्छन् । नेपालमा त्यस्तो वातावरण छैन, काम प्रसस्त नभएकाले, पढेरपनि बेरोजगार बन्नु परेकाले नेपालका विद्यार्थीहरू बाहिरिने गर्दछन् ।' धवलागिरि बहुमुखी क्याम्पस बागलुङको स्व. वि. यु ले आयोजना गरेको निबन्ध लेखन प्रतियोगितामा विभिन्न संकायका कुल २७ जना विद्यार्थीले भाग लिएका थिए । कक्षागत स्तरलाई हेर्दा स्नातक प्रथम बर्षदेखि चौथो बर्षसम्म अध्ययनरत छात्र छात्रा सहभागी भएका थिए । यो प्रतियोगितामा विविएस द्वितीय बर्षमा अध्ययनरत छात्रा संगीता रेग्मी प्रथम, सोही संकायमा चौथो बर्षमा अध्ययनरत छात्रा डिलकुमारी सापकोटा द्वितीय, शिक्षाशास्त्र संकायमा अध्ययनरत छात्रा सोना बोहरा तृतीय र विएससी प्रथम बर्षमा अध्ययनरत छात्रा आयुष्मा थापा मगर सान्त्वना हुन सफल भएका छन् । लैङ्गिक सहभागिताका आधारमा विद्यार्थीहरूको सहभागितालाई हेर्दा ८८.८८ प्रतिशत छात्रा र ११.१२ प्रतिशत छात्रहरू थिए । छात्र र छात्राको औषतमा निबन्ध लेखन क्षमताको तुलना गर्दा छात्राको उपलब्धि राम्रो रहेको छ । यी सहभागी विद्यार्थीहरूको संकायका आधारमा निबन्ध लेखन क्षमतालाई तुलनात्मक अध्ययन गर्दा व्यवस्थापन विविएको सबैभन्दा बढी ६२.७६ प्रतिशत र कम मानविकी संकायको ३६.६६ प्रतिशत उपलब्धि हासिल गरेको पाइन्छ । यसैगरी जातिगत आधारमा निबन्ध लेखनको क्षमतालाई अध्ययन गर्दा ब्राम्हमण समुदायको उपलब्धि अरुको भन्दा असल रहेको देखिन्छ ।

## १३. निष्कर्ष

सीपमुलक, दक्ष, व्यावहारिक र रोजगारमूलक शिक्षा आजको संसारमा अति आवश्यक रहेको छ । यसै विषयमा निबन्ध लेखनमा समावेशी अवस्थाको अध्ययन यस लेखमा गरिएको छ । विद्यार्थीहरूमा लेखनकलासम्बन्धी धारणात्मक विकास भए तापनि प्रक्रिया, प्रस्तुति, विश्लेषणात्मक ज्ञानको कमी रहेको देखिन्छ । त्यसकारण केही विद्यार्थीहरूमा निबन्धलेखन क्षमता राम्रो देखिए पनि समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषप्रद देखिदैन । अहिले विद्यार्थी ध्यान बैदेशिक रोजगार तर्फ मोडिएको, कलेजमा भर्ना हुनु भनेको रनिङ सटिफिकेटको लागिमात्र हो भन्ने सावित भएको छ । समावेशीकरण सबैको लागि समान उपस्थिति, पहुँच, सहभागिता, प्रतिनिधित्व, सम्मान, अस्तित्व, पहिचान तथा स्वामित्व खोज्ने एउटा उपयुक्त विकल्प भएतापनि यसको अभ्यास सही ढङ्गले हुन नसकेकोले मुलुकमा शैक्षिक, राजनीतिक, आर्थिक, सामाजिक रूपान्तरण हुन नसकेको देखिन्छ । निबन्ध लेखन क्षमताको समग्र पक्षको विश्लेषण गर्दा विद्यार्थीहरूलाई पुर्व सूचना दिएर सहभागी बन्ने अवसर दिएको भएतापनि निबन्ध लेखन प्रतियोगितामा भाग लिन इच्छुक कम भएको, रुचि कम देखाएको पाइन्छ । त्यसैगरी विज्ञान र मानविकी तर्फका विद्यार्थीहरूमा प्रतियोगितामा भाग लिने उत्साह त्यति नभएको उनीहरूको प्रतिनिधित्वले जनाउँछ । निबन्ध लेखन क्षमताको नतिजालाई हेर्दा छात्रभन्दा छात्राको र

ब्राह्मण जातिका विद्यार्थीको निबन्ध लेखन क्षमता तुलनात्मक रुपमा राम्रो भएता पनि अन्यको कम रहेको पाइयो । यसको कारणमा नियमित अभ्यासको अभाव, उत्प्रेरणाको कमि, सृजनशीलताको कमि, सैद्धान्तिक ज्ञान र व्यवहारबीच तालमेलको अभाव आदि रहेका छन् । यस कार्यक्रममा समानुपातिक सहभागिता रहेको पाइदैन किनकि बिषयवस्तु, चासो, तयारी, लेखन भाषा आदि यसका कारण रहेको पाइयो । क्याम्पसमा छात्रको सख्या छात्राको तुलनामा कम हुनु र नेपाली भाषामा लेखन भएको कारण अंग्रेजी माध्यममा अध्ययन गर्ने छात्र छात्राले रुचि नदेखाएको पाइयो । यी समस्याको समाधानका लागि नेपालमा शैक्षिक क्षेत्रमा योजनाबद्ध विकासलाई सफल बनाउन उपयुक्त सीमा वा बाधाहरू हटाउन र समाज वैज्ञानिकहरूलाई सक्रिय अध्ययन अनुसन्धानमा सहयोग जुटाई दिन आवश्यक छ ।

प्रत्येक समाजका सवै अवयवहरू सधैं स्थिर, संगठित, एकीकृत, सन्तुलित एवं समतुल्य अवस्थामा राख्नका लागि शिक्षालाई समय सापेक्ष व्यवहारिक, वैज्ञानिक र क्रियाशील बनाउन आवस्यक हुन्छ । अब युवाहरूको ध्यान, माग र चाहना कस्तो र कता तिर मोडिएको छ ? भन्ने बारेमा अध्ययन गरी आवश्यक समयमै आवश्यक कदम चाल्न नसकेमा शिक्षाप्रति आकर्षण बढाउन कठिन देखिन्छ । यी समस्याको समाधान गर्न निबन्ध लेखन अभ्यासले विद्यार्थीहरूमा उत्तर लेखन क्षमता, तार्किकता, बौद्धिकता, सिर्जनात्मक र गद्यात्मक लेखन क्षमताको विकास गराउँछ भन्ने सचेतना बढाउनु पर्ने, नाचगान गित संगीत विद्यार्थीमैत्री कार्यक्रममा बनेको तर यस्ता लेखन प्रतियोगिताहरू भाग लिने संख्या कम भएकोले सबै तहका विद्यार्थीलाई उत्प्रेरित गर्नुगराउनु पर्ने, हाल विविएका विद्यार्थीहरूको हरेक प्रतियोगिताहरू सहभागिता रहने गरेकोमा सबै संकायका विद्यार्थीहरूलाई यस्ता विविध प्रतियोगिताहरूमा भाग लिने अवसर र उत्प्रेरणा जगाउनु पर्ने, लेखन क्षमताको स्तर वृद्धि गर्नगराउन हरेक संकायले अनिवार्य यस्ता प्राज्ञिक प्रतियोगिताहरू गराउनु पर्ने, विद्यार्थीलाई उत्तर लेखन, निबन्ध लेखन, भाषाशैलीको सैद्धान्तिक आधार र बिषयवस्तुहरू अनिवाय रुपमा सिकाउनु पर्ने, निबन्ध लेखन अभ्यासमा विद्यार्थीहरूलाई निबन्धको भाषाशैली पक्ष र उद्देश्य केद्रित लेखनमा ध्यान दिन लगाउनु पर्ने देखिन्छ ।

## घोषणाहरू

**नैतिकता अनुमोदन र सहभागी हुन सहमतिः**

यो अनुसन्धान नैतिकताको आधारमा गरिएको हो भनी म घोषणा गर्दछु ।

**प्रकाशनको लागि सहमति:**

लागु हुँदैन ।

**डाटा र सामग्रीको उपलब्धता:**

डाटा अनुरोध मा उपलब्ध हुनेछ ।

**प्रतिस्पर्धात्मक रुचिहरू:**

कुनै पनि व्यक्ति वा संग कुनै प्रतिस्पर्धात्मक रुचि छैन ।

**कोष:**

यस अनुसन्धानको लागि कुनै रकम उपलब्ध भएको छैन ।

**स्वीकृतिहरू:**

यो अध्ययनका लागि सहयोग गर्ने सवैमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । मलाई यो अनुसन्धान कार्य गर्न प्रोत्साहन र मार्गदर्शन गर्नु हुने प्रकाशक सवैप्रति आभारी छु । अनुसन्धान सहभागीहरूलाई सहयोगको लागि धन्यवाद दिदैं पाण्डुलिपि हेरी रचनात्मक टिप्पणीहरू प्रदान गर्ने समीक्षकहरूमा धन्यवाद दिन चाहन्छु ।

## लेखकको संलग्नता:

**Saroj Raj Panta**
Lecturer, Dhawalagiri Multiple Campus, Baglung, Department of Sociology/Anthropology, Tribhuvan University

## सन्दर्भसामग्री सूची

१. **अनलाइन खवर** (२०७३), शैक्षिक गुणत्तर खस्किँदै गयो : अध्ययन प्रतिवेदन (www.onlinekhabar.com/2016/08/462689)

२. **आप्टे, शिवराम** (१९६९), संस्कृत हिन्दी कोश (दोस्रो.सं.), मोलीलाल बनारसीदास पब्लिशर्स प्राइवेट लिमिटेड ।

३. **उपाध्याय, केशवप्रसाद** (२०४४), साहित्य प्रकाशन(चौथो सं.), साझा प्रकाशन ।

४. **कार्की, सुशिला** (२०६८), लैंगिक समानता, पैरवी प्रकाशन ।

५. **केन्द्रीय तथ्याङ्क विभाग** (२०६८), नेपालमा गरिबी, केन्द्रीय तथ्याङ्क विभाग ।

६. **खनाल, पेशल** (२०६३), शैक्षिक अनुसन्धान पद्धति, सनलाइट पब्लिकेसन।

७. **गौतम, टीकाराम** (कार्तिक ५, २०७१), जातीयता, असमानता र संघीयकरण, कान्तिपुर राष्टिय दैनिक *https://ekantipur.com/opinion/2014/10/22/397469.*

८. **गुरुङ, एच.** (२००७), बहिष्करणदेखि समावेशीः नेपालका लागि सामाजिक–राजनीतिक एजेन्डा, सामाजिक समावेशी अनुसन्धान कोष।

९. **चौलागाई, टी., एन. पोखरेल, र के. सापकोटा** (२००३), लैङ्गिक अध्ययनः समाजशास्त्रीय विश्लेषण, न्यू हिरा बुक्स इन्टरप्राइजेज।

१०. **देवकोटा, लक्ष्मीप्रसाद** (२०४४), लक्ष्मी निबन्ध सङ्ग्रह (एघारौं सं.), साझा प्रकाशन।

११. **डे हान, ए** (१९९८), सामाजिक बहिष्कारः अभावको अध्ययनको लागि वैकल्पिक अवधारणा ?, आईडिएस बुलेटिन, खण्ड ९ (१)।

१२. **नायक, ए.** (१९९५), भारतमा आर्थिक विकास र सामाजिक बहिष्करण, श्रम संस्था र विकास कार्यक्रम।

१३. **नेपालको संविधान** (२०७२), नेपालको संविधान, २०७२, कानुनी किताबखाना।

१४. **नेपाली बृहतशब्दकोश** (२०५८), नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

१५. नेपाल सरकार शिक्षा मन्त्रालय (२०७४), विद्यालय कार्यसम्पादन परीक्षण ढाँचा, २०७४, शैक्षिक गुणस्तर परीक्षण केन्द्र।

१६. **पन्ध्रौ योजना** (आथिक वर्ष २०७६।७७–२०८०।८१) नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिहदरबार।

१७. **पन्त, सरोजराज** (२८ फागुन, २०७८), दोषारोपणको श्रृंखलामा वास्तविक दोषी को ?, उकेरा अनलाइन । https://ukeraa.com/news/2022-03-12/3/12/15973/

१८. **पन्त, सरोजराज** (११ चैत्र, २०७८), किन खोजिदैन बैदेशिक रोजारको विकल्प ?, उकेरा अनलाइन https://www.ukeraa.com/news/2022-04-02/4/2/16888/

१९. **पन्त, सरोजराज** (२५ साउन, २०७८), कृषि प्रधान देश नेपालः तर, कृषि उपजमै बढ्दो परनिर्भरता, आदर्श सञ्चार अनलाइन https://www.aadarshasanchar.com/opinions/2021/08/09/27308/?

२०. **पन्त, सुनिलवावु** (३ भाद्र, २०७४), विविधतामा समावेशीता, घटना र बिचार, न्युज डेस्क https://www.ghatanarabichar.com/59566

२१. **पोखरेल, बी., र एम. मिश्र** (२००१), नेपालमा लिंग र लोकतन्त्र, मानन्धर के.बी. भट्टचन (सम्पादन), त्रिवि।

२२. **प्रधान, आर** (२००६), सामाजिक समावेशीकरण र बहिष्करण बुझ्दैः केही प्रारम्भिक टिप्पणीहरू सामाजिक समावेशी अनुसन्धान कोषद्वारा आयोजित कार्यशालामा प्रस्तुत पत्र), सामाजिक समावेशी अनुसन्धान कोष।

२३. **भासिन, कमला** (२००४), पितृसत्ता के हो ?, एम.के. पब्लिकेशन।

२४. **भल्ला, ए., र एफ. लापेरे** (१९९७), सामाजिक बहिष्करणः एक विश्लेषणात्मक र परिचालन ढाँचा, विकास र परिवर्तन, खण्ड २८, बेलायत, ब्ल्याकवेल पब्लिशर्स लिमिटेड।

२५. **बन्धु, चूडामणि** (२०६५), अनुसन्धान तथा प्रतिवेदन लेखन (दोस्रो सं.), रत्न पुस्तक भण्डार।

२६. **राष्ट्रिय मानव अधिकार आयोग** (२०७८), लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति–२०७७, राष्ट्रिय मानव अधिकार आयोग।

२७. **रीटजर, जर्ज** (१९९६), मोडन सोसोलोजिक थेओरी, एम.सि.ग्रअ. हिल कम्पनी।

२८. **लामिछाने, सालिकराम** (८ जेष्ठ, २०७७), समावेशीकरण र नेपाल, प्रशासन पत्रिका https://www.prasashan.com/2020/05/21/179611

२९. **वेनेट, लान** (२००५), नेपालमा लैङ्गिक, जाति र जातीय बहिष्करणः विश्लेषणबाट कार्य (सम्मेलन पत्र), विश्व बैंक।

३०. **साइथ, आर** (२००१), सामाजिक बहिष्कारः विकासशील देशहरूमा अवधारणा र अनुप्रयोग, क्युइएच कार्य पत्र श्रृंखला, ३७२, अक्सफोर्ड विश्वविद्यालय।

३१. **श्रेष्ठ, पी.** (२००७), नेपालमा लैङ्गिक समावेशी शासनको सपना देख्ने वास्तविकता, बहिष्करणदेखि समावेशसम्म, सामाजिक समावेशी अनुसन्धान कोष

३२. **शर्मा, मोहनराज** (२०५५), समकालीन समालोचनाः सिद्धान्त र प्रयोग, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

३३. **Anderson, B.** (2006). Imagined community, reflections on origin and spread of nationalism. Rawat Publication.

३४. **Francis, F.** (2014). Political order and political decay. Manipal Technological Limited India.

**अनुसुची १**

निबन्ध लेखन तथा मूल्याङ्कन प्रक्रियामा सहभागी सूचकहरू

श्री हरि प्रसाद पाण्डेय, सहायक क्याम्पस प्रमुख, धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ।
श्री सुदिप सागर कंडेल, अध्यक्ष स्व.वि.यु., धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ।

**अनुसुची २**

सहभागी विद्यार्थीहरूको विवरण

त्रिभुवन विश्वविद्यालय, धवलागिरि बहुमुखी क्याम्पस, बागलुङको स्वतन्त्र विद्यार्थी युनियनद्धारा मिति २०८०।०४।१२ आयोजित निबन्ध लेखन प्रतियोगितामा सहभागी विद्यार्थीहरूको विवरण

| क्र सं | नाम | लिङ्ग | संकाय वा संस्थान | खण्ड तथा सेमेष्टर | प्राप्ताङ्क | परिणाम |
|---|---|---|---|---|---|---|
| १. | संगीता रेग्मी | म | वि.वि.एस. | २ | | प्रथम |
| २. | डिलकुमारी सापकोटा | म | वि.वि.एस. | ४ | | द्वितीय |
| ३. | सोना बोहोरा | म | वि.एड | | | तृतीय |
| ४. | आयुष्मा थापा मगर | म | वि.ए.सी | १ | | सान्त्वना |
| ५. | निरुता शर्मा | म | वि.वि.ए | ५ | | |
| ६. | निता श्रीस | म | वि.एड | २ | | |
| ७. | ममता श्रीस | म | वि.वि.एस. | १ | | |
| ८. | रोसिका गौतम | म | वि.वि.एस. | २ | | |
| ९. | सीता थापा | म | वि.वि.एस. | १ | | |
| १०. | आशिका छन्त्याल | म | वि.एड | १ | | |
| ११. | सम्पन्न रेग्मी | पु | वि.वि.ए | ५ | | |
| १२. | दीपसागर सुवेदी | पु | वि.वि.ए | ५ | | |
| १३. | रेखा जि. सी. | म | वि.एड | २ | | |
| १४. | सृष्टी घर्ती | म | वि.एड | | | |
| १५. | रिना श्रीस | म | वि.एड | २ | | |
| १६. | मिना बि. क. | म | वि.एड | २ | | |
| १७. | कृति सुवेदी | म | वि.एड | | | |
| १८. | पवित्रा शर्मा | म | वि.वि.एस. | १ | | |
| १९. | रुद्रबहादुर पुन | पु | वि.एड | २ | | |
| २०. | दिपिका थापा | म | वि.एड | १ | | |
| २१. | रिनाकुमारी चौधरी | म | वि.ए | १ | | |
| २२. | सम्झना भण्डारी | म | वि.एड | २ | | |
| २३. | विमला रिजाल | म | वि.वि.एस. | ४ | | |
| २४. | मनिषा थापा | म | वि.वि.एस. | १ | | |

| | | | | |
|---|---|---|---|---|
| २५. | मोनालिसा नेपाली | म | वि.ए.सी | २ |
| २६. | अस्मीना राई | म | वि.ए | १ |
| २७. | निशा गुप्ता | म | वि.वि.एस. | १ |

मूल्याङ्कनकर्ता
हरिप्रसाद पाण्डेय ............................
सरोजराज पन्त ............................

**TO CITE THIS ARTICLE**

Panta, S. R. (2024). सीपमुलक, व्यवहारिक र रोजगार केन्द्रीत शिक्षा आजको आवश्यकता विषयक निवन्ध लेखनमा समावेशी अवस्था [Skilled, practical and job oriented education is the need of the day: Inclusive conditions in essay writing]. *International Research Journal of MMC, 5*(3), 24-46. https://doi.org/10.3126/irjmmc.v5i3.68472

**Submitted:** 17 April 2024 **Accepted:** 28 July 2024 **Published:** 31 July 2024

**COPYRIGHT**

©2024 The Author(s). This is an open-access article distributed under the terms of the Creative Commons Attribution 4.0 International License (CC-BY-NC 4.0), which permits unrestricted use, distribution, and reproduction in any medium, provided the original author and source are credited. See https://creativecommons.org/licenses/by-nc/4.0/

*International Research Journal of MMC (IRJMMC)* is a peer-reviewed open access journal published by Research Management Cell, Makawanpur Multiple Campus, Hetauda